लेखापरीक्षण प्रतिवेदन

बन्दिपुर गाउँपालिका, तनहुँ

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

बन्दिपुर गाउँपालिका, तनहुँ

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२८

च.न :APPROVED/FAR/2081-82/LOC/197

श्रीमान् अध्यक्ष ज्यू,
बन्दिपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
बन्दिपुर, तनहुँ।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको बेहोरा जानकारीका लागि अनुरोध छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/197

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्रीमान् अध्यक्षज्यु,
बन्दिपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
बन्दिपुर, तनहुँ।

१. कैफियतसहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यस सँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी राय सहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पालिकाबाट पेस भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यस सँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय व्यय तर्फ रु. १ अर्ब १० करोड ६६ लाख ३९ हजारको लेखापरीक्षण गरिएकोमा रु. ३ करोड २१ लाख ८३ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु. १५ लाख ९९ हजारको सम्परीक्षण भई असुल गर्नुपर्ने रु. ८५ लाख १३ हजार, नियमित गर्नुपर्ने रु. २ करोड ५ लाख ५ हजार र प्रमाण कागजात पेस गर्नुपर्ने रु. १५ लाख ६६ हजार समेत यस वर्षको बाँकी बेरुजु रु. ३ करोड ५ लाख ८४ हजार (लेखापरीक्षण अङ्कको २.७६ प्रतिशत) रहेको छ। गत वर्षसम्म रु. १९ करोड ७३ लाख ५८ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष रू. ३२ लाख ६५ हजारको सम्परीक्षण भएकोमा सम्परीक्षणबाट रू. १० लाख ६७ हजार बेरुजु कायम भई यस वर्षको थप समेत हालसम्मको अद्यावधिक बाँकी कुल बेरुजु रु. २२ करोड ५७ लाख ४४ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता राख्दा नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षण सँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी**

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षण सँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
४३	८६	३,२१,८२,५७१	१	२८	१५,९८,५८७	०	४२	५८	३,०५,८३,९८४	८५,१२,५२२	२,०५,०५,४७४	१५,६५,९८८	०	०	२,२०,७१,४६२	०

अद्यावधिक बेरुजु स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
तनहुँ	१९,७३,५७,८९५	०	३२,६४,५६२	१९,४०,९३,३३३	१०,६६,८९३	३,०५,८३,९८४	२२,५७,४४,२१०

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं.	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको बेहोरा	सम्परीक्षण भएको रकम
प्रारम्भिक प्रतिवेदन उपरको प्रतिक्रियाबाट सम्परीक्षण				
१	२०८१/८२	४०	सुरक्षित आप्रवासन कार्यक्रमः	६३,०००
२	२०८१/८२	३९	शिर्षक फरक पारी खर्चः	१२,२८०
३	२०८१/८२	३३	विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिकः	१५,०००
४	२०८१/८२	२२	रित पुर्वकको कर विजकः	५,१८,०१८
५	२०८१/८२	४२	बढी भुक्तानीः	१,८००
६	२०८१/८२	३५	निशुल्क पाठ्यपुस्तक अनुदानः	१७,३१८

७	२०८१/८२	६६	निरीक्षण प्रतिवेदनः	८,८४,५९१
८	२०८१/८२	३१	दिवा खाजाका लागि विद्यालयलाई अनुदानः	३५,४१५
९	२०८१/८२	३४	छात्रवृत्ति बापतको निकासाः	३०,८००
१०	२०८१/८२	३७	कृषि तथा पशुमा अनुदानः	०
११	२०८१/८२	४१	औषधी खरिदः	२०,३६५
	जम्मा			**१५,९८,५८७**
गत विगत आर्थिक वर्षहरुको सम्परीक्षण				
१२	२०८०/८१	-	रीतपूर्वकको कर बिजक:	२०,१३,६४५
१३	२०८०/८१	-	बिल भरपाईः	१,०६,८२८
१४	२०७९/८०	-	सामुदायिक वनको आयः	६६,३१६
१५	२०७७/७८	-	आन्तरिक लेखापरीक्षणः	१०,७७,७७३
जम्मा				**३२,६४,५६२**
कुल जम्मा				**४८,६३,१४९**

बन्दिपुर गाउँपालिका, तनहुँ

(८०४३८५०५३००)

बन्दीपुर गाउँपालिका , तनहुँ

परिचय

१ **परिचयः**

क) कार्यालय परिचय:- संघ र प्रदेश सरकारबाट प्राप्त अनुदान तथा राजश्व बाँडफाँट एवं पालिकाको आन्तरिक श्रोत साधनको अधिकतम उपयोग गरी संविधानको अनुसूचीमा उल्लेखित कार्यहरु सम्पादन गरी नागरिकलाई अधिकतम लाभ प्रदान गर्नु पालिकाको उदेश्य रहेको छ।

ख) लेखापरीक्षणको उद्देश्य:- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्वेश्य रहेको छ।

ग) लेखापरीक्षणको क्षेत्र र अवधि:- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८२।०८।१४ देखि २०८२।०८।१७ सम्म रहेको छ।

घ) लेखापरीक्षण विधि:- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

ङ) लेखापरीक्षणको सीमा:- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

च) आर्थिक कारोबारको स्थिति:- पालिकाको आय – व्ययतर्फ रु. १ अर्ब १० करोड ६६ लाख ३९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु:- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छन्।

ज) लेखापरीक्षणको क्रममा असुली:- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ३३८६६.०० असुल भई दाखिला गरेको प्रमाण पेश भएको छ।

सि.नं.	विवरण	रकम रु.
1	पाठ्यपुस्तक अनुदान बापत ३ वटा विद्यालयमा बढी निकासा भएको रकम असुल भई दाखिला गरेको प्रमाण पेस।	२९०६६.००
2	छात्रवृत्ति बापत एकवटा विद्यालयमा बढी निकासा भएको रकम असुल भई दाखिला गरेको प्रमाण पेस।	४८००.००
	जम्मा	३३८६६.००

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आर्थिक कारोबारको एकीकृत विवरणः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण तपशिल बमोजिम रहेको छ।

बन्दिपुर गाउँपालिका

आर्थिक बर्ष २०८१/८२

आर्थिक कारोबारको एकीकृत विवरण

प्राप्ति			भुक्तानी		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
सुरु मौज्दात		२१४०७३७२२.०१	चालु खर्च		२६१७७८६८६.८२
१.संचित कोष	१९७२८८०८६.९२		१. पालिका तर्फ	१०१४२५८२६.९८	
२.धरौटी	८८४५२५७.८३		२. संघीय सशर्त	१६०३५२८५९.८४	
३.कार्यसञ्चालन कोष	३१५९९९६.४२		३. संघीय विशेष	०	
४. अन्य कोष	४७८०३८०.८४		४. प्रदेश सशर्त	०	
यस वर्षको आय			५. प्रदेश विशेष	०	
१.आन्तरिक आय	२२१०२२७८.५१	२२१०२२७८.५१	पुँजीगत खर्च		१४५०५९७००.००
२. वित्तीय हस्तान्तरण (संघ)			१. पालिका तर्फ	११६४२४६००	
क) समानीकरण अनुदान	७९८३१२००.००	३६८८०८७१८.४	२. संघीय सशर्त	१६४००८००	
ख) राजस्व बाँडफाँट	७३६६३०२६.३९		३. संघीय विशेष	०	
ग) सशर्त अनुदान	२०३७२९२७२.४०		४. संघीय समपुरक	५६०४३००	
घ) समपुरक अनुदान	५६०४३००.००		५. प्रदेश सशर्त	०	
ङ) विशेष अनुदान	०		६. प्रदेश विशेष	२६२५०००	
च) रोयल्टी	५९८०९११.५७		७. प्रदेश समपुरक	४००५०००	
छ) अन्य			अन्तर सरकारी अख्तियारी (संघ)		१०६१०८२९१.००
३. वित्तीय हस्तान्तरण (प्रदेश)			क) सामाजिक सुरक्षा	१०५७१८२९१.००	
क) समानीकरण अनुदान	१०९८७०००.००	२८३१४५००.१३	ख) स्वास्थ्य क्षेत्रगत सुधार कार्यक्रम	३९००००.००	
ख) राजस्व बाँडफाँट	१०६९७५००.१३		....		
ग) सशर्त अनुदान	०.००		अन्तर सरकारी अख्तियारी (प्रदेश)		
घ) समपुरक अनुदान	४००५०००.००		ऋण फिर्ता (साँवा)	०	
ङ) विशेष अनुदान	२६२५०००.००		ऋणको ब्याज भुक्तानी	०	
च) रोयल्टी	०.००		धरौटी फिर्ता तथा सदर स्याहा	८१६६४२.३०	८१६६४२.३०
छ) अन्य	०.००		कार्यसञ्चालन कोषबाट भएको खर्च	१६१२५६७०.१५	१६१२५६७०.१५
४. अन्तर सरकारी अख्तियारी (संघ)			अन्य कोषबाट भएको खर्च	०	
क) सामाजिक सुरक्षा	१०५७१८२९१.००	१०६१०८२९१.००	गैरसरकारी संस्थाबाट सञ्चालित योजना	०	
ख) स्वास्थ्य क्षेत्रगत सुधार कार्यक्रम	३९००००		अन्य सहयोगमा सञ्चालित योजना	०	
....			अन्य खर्च भएमा	०	
५. अन्तर सरकारी अख्तियारी (प्रदेश)	०		अनुदान फिर्ता		
६. ऋण/ वित्तीय व्यवस्था	०		१. संघ तर्फ		२६९७५६१२.५६
७. धरौटी आय	४७२०००८.०१	४७२०००८.०१	क) सशर्त अनुदान	२६९७५६१२.५६	
८. कार्यसञ्चालन कोष आय	१९७२०८९६.९९	१९७२०८९६.९९	ख) विशेष अनुदान	०	
९. अन्य कोषको आय			ग) समपुरक अनुदान	०	
१०.गैरसरकारी संस्थाबाट सञ्चालित योजना			२. प्रदेश तर्फ		
११.अन्य सहयोगमा प्राप्त सञ्चालित योजना			क) सशर्त अनुदान	०	
१२.अन्य आय भएमा			ख) विशेष अनुदान	०	
			ग) समपुरक अनुदान	०	
			अन्तिम मौज्दात		२०६९८३८१२.१८
			१. संचित कोषको मौज्दात	१८९०६५७६७.१७	
			२. धरौटी	१२७४८६२३.५४	
			३. कार्यसञ्चालनकोष	११९७७३२.३७	
			४. विविध कोष	१५६४३७३.००	
			५. अन्यकोष	२४०७३१६.१०	
जम्मा		७६३८४८४१५.०१	जम्मा		७६३८४८४१५.०१

स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा संलग्न गरिएको छ।

पालिकाको आर्थिक कारोबारको एकीकृत विवरण सम्बन्धमा देखिएका अन्य बेहोरा निम्न अनुसार छन्।

२.१ **वित्तीय विवरणको यथार्थताः** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्र मार्फत सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा. नं. २७०, २७२ र २७५) तयार गर्नुपर्दछ। पालिकाले यस वर्ष संघीय सरकारबाट बजेट प्राप्त अन्तरसरकारी हस्तान्तरण अन्तर्गतका तपशिल बमोजिम रू. १० करोड ६१ लाख ८ हजारको कारोबारको सुत्रमा लेखाङ्कन गरेको छैन।

क्र.सं.	कार्यक्रमको नाम	विनियोजन रु.	खर्च रु.	कैफियत
१	सामाजिक सुरक्षा तथा संरक्षण	१०६२८१२००.	१०५७१८२९१.	संघीय सरकार
२	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	४७१०००.	३९००००.	संघीय सरकार
	जम्मा रकम रु.	१०६७५२२००.	१०६१०८२९१.	

२.२ **खर्च विश्लेषणः** पालिकाले यस वर्ष गत वर्षको बाँकी मौज्दात रु. २१,४०,७३,७२२.०१, आन्तरिक आयबाट रु. २,२१,०२,२७८.५१, राजस्व बाँडफाँड र विभिन्न अनुदान (अन्य आय र अन्तरसरकारी हस्तान्तरण समेत) बाट रु. ५२,७६,७२,४१४.४९ गरी जम्मा रु. ७६,३८,४८,४१५.०१ आम्दानी प्राप्त गरेकोमा चालु तर्फ रु. २६,१७,७८,६८६.८२, पुँजीगत तर्फ रु. १४,५०,५९,७००.०० र अन्य खर्च रु. १२,३०,५०,६०३.४५ समेत रु. ५२,९८,८८,९८९.९७ खर्च भएको छ। कुल खर्चमा पालिकाको आन्तरिक आयको हिस्सा ४.१७ प्रतिशत मात्र रहेको छ। यस वर्ष पदाधिकारी सुविधामा रु. ७६,३१,२२५.०० खर्च भएको छ जुन आन्तरिक आयको ३४.५२ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै समानीकरण अनुदान र राजस्व बाँडफाँटको कुल रकम रु. ३९,७१,२३,२१८.५३ बाट ६५.९२ प्रतिशत चालु खर्च भएको देखिन्छ भने पालिकाले प्राप्त गरेको सबै समानीकरण अनुदान र राजस्व बाँडफाँटको कुल रकमको ३६.५२ प्रतिशत मात्र पुँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण प्रयोजनमा न्यून खर्च गरेको र चालु प्रकृतिका प्रशासनिक कार्यक्रममा बढी खर्च भएको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकमका साथै आन्तरिक स्रोतको अधिकतम रुपमा विकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ।

(विस्तृत विवरण बेरूजु दफा २.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२.३ **मौज्दातको अवस्थाः** पालिकाको सञ्चित कोषको मौज्दातले यसको आर्थिक अवस्थालाई दर्शाउँदछ। आर्थिक वर्ष ०७९।८० मा पालिकाको सञ्चित कोषको अन्तिम मौज्दात रु. १९,७४,८४,६२७.९६ रहेकोमा ०८०/८१ मा रु. १९ करोड ७२ लाख ८८ हजार र ०८१/८२ मा रु. १८ करोड ९० लाख ६५ हजार रहेको छ। पछिल्लो तीन आर्थिक वर्षमा पालिकाको सञ्चित कोषको मौज्दात करिब रु. ८४ लाखले घटेको देखियो। पालिकाले बजेट बिनियोजन गर्दा मौज्दात रकमबाट खर्च गर्ने गरी समेत कार्यक्रम थप गरेको कारण मौज्दात घट्दै गएको देखिन्छ। सञ्चित कोषको मौज्दातको न्यूनतम रकम आर्थिक संकटको समयमा उपयोगको लागि जगेडाको रुपमा रहने गरी वास्तविक सालबसाली आम्दानीका आधारमा खर्च गर्ने गरी वार्षिक बजेट विनियोजन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

पछिल्लो तीन आर्थिक वर्षको सञ्चित कोषको अन्तिम मौज्दात विवरण			
क्र.सं.	आर्थिक वर्ष	मौज्दात रु.	कैफियत
१	०७९।८०	१९,७४,८४,६२७.९६	सञ्चित कोष घट्दै गएको
२	०८०।८१	१९,७२,८८,०८६.९२	
३	०८१।८२	१८,९०,६५,७६७.२	

३ **बजेट व्यवस्थापनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र सभामा पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपाध्यक्षले मिति २०८१।०३। १० मा रु. ५४ करोड ४५ लाख ४४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।०३।१६ मा पारित भएको छ।

यसैगरी पालिकाका अध्यक्षले मिति २०८१।०३।२० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।

४ क्षेत्रगत बजेट र खर्चको स्थितिः

स्थानीय तहको एकीकृत, समानुपातिक र दीगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको छ।

क्र.सं.	क्षेत्र/उप क्षेत्र	विनियोजन	खर्च	खर्च (%)
१	आर्थिक विकास क्षेत्र	५६६०८०००	३१४७९२१५	५५.६१%
२	सामाजिक विकास क्षेत्र	१९७९८४०००	१६५१९७८१६	८३.४४%
३	पूर्वाधार विकास क्षेत्र	१५८७०४३००	१०३९३२८०४	६५.४८%
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	६८५६०००	५१०७९५८	७४.५०%
५	कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्र	१२४३९१७०१	१०११२०५९५	८१.२९%
	कुल जम्मा	५४४५४४००१	४०६८३८३८७	

पालिकाको क्षेत्रगत वार्षिक बजेटको विवरण अनुसार आर्थिक विकासमा सबैभन्दा कम ५५.६१ प्रतिशत र सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ८३.४४ प्रतिशत खर्च भएको देखिन्छ। कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चमा नियन्त्रण गरी आर्थिक विकास, पूर्वाधार विकास, सुशासन लगायत क्षेत्रका कार्यक्रममा जोड दिँदै विनियोजन अनुसार पुँजीगत खर्च गर्ने तर्फ पालिकाको ध्यान जानु पर्ने देखिन्छ।

५ आयोजनाको प्राथमिकीकरण :

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका लागि गरिबी निवारण, उत्पादनमूलक रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी दिगो विकास, वातावरण संरक्षण र भाषिक तथा सांस्कृतिक विकास लगायतका आधारहरू उल्लेख गरेको छ। स्थानीय तहले सोही अनुसार प्राथमिकताको आधारमा आयोजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार १९२ आयोजनामा बजेट विनियोजन गरेको छ।

क्र.सं.	आयोजनाको विवरण	संख्या	रकम रु.
1	रु. १ लाख भन्दा कमका	६	३०००००
2	रु. १ लाख देखि ५ लाखसम्मका	१६६	४४५५००००
3	रु. ५ लाख देखि २० लाखसम्मका	१४	१४३०००००
4	रु.२० लाख देखि ५० लाख सम्मका	६	३६००००००
5	रु. ५० लाख भन्दा माथिका	-	-
	जम्मा	१९२	९५१५००००

उपर्युक्त विवरणअनुसार पालिकाले अधिकतर साना र वितरणमुखी आयोजनाहरु सञ्चालन गरेको देखिन्छ। स्थानीय स्तरमा समुदायको आवश्यकताको आधारमा साना आयोजनाहरु सञ्चालन गर्दा सञ्चालित आयोजनाबाट दीर्घकालीन प्रतिफल प्राप्त हुनुका साथै लागत प्रभावी हुने तथा निर्माण कार्यको गुणस्तर समेत कायम हुने गरी सञ्चालन गर्नुपर्दछ। त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित आयोजना मध्ये कतिपय आयोजनामा शुन्य प्रगति देखिएको हुँदा वस्तुनिष्ठ तवरले आयोजनाको प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

६ त्रैमासिक पुँजीगत खर्चः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार यस वर्ष पालिकाको त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम रहेको छ।

बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिनाको खर्च
		प्रथम	दोस्रो	तेश्रो	चौथो	
गा.पा. पुँजीगत	११६४२४६००	९५१०९७२.४	१५३२६५२३.५	२६५८५३८३.५३	६५००१७२०.६४	३६२५३६४३.०५
संघबाट हस्तान्तरित	२२००५१००	-	६९४०००	५१८८५००	१६१२२६००	१०७०४०००
प्रदेशबाट हस्तान्तरित	६६३००००	-	९४७०००	-	५६८३०००	४७५७५००
जम्मा खर्च	१४५०५९७००	९५१०९७२.४	१६९६७५२३.५	३१७७३८८३.५३	८६८०७३२०.६४	५१७१५१४३.०५
खर्च प्रतिशत	१००.००%	६.५६%	११.६९%	२१.९०%	५९.८४%	३५.६५%

पालिकाको आर्थिक विवरण अनुसार यस वर्ष पालिकाले जम्मा रु. १४ करोड ५० लाख ५९ हजार ७ सय पुँजीगत खर्च गरेकोमा प्रथम त्रैमासिकमा रु. ९५ लाख १० हजार ९ सय (६.५६ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. १ करोड ६९ लाख ६७ हजार ५ सय (११.६९ प्रतिशत), तेस्रो त्रैमासिकमा रु. ३ करोड १७ लाख ७३ हजार ८ सय (२१.९० प्रतिशत) र चौथो त्रैमासिकमा रु. ८ करोड ६८ लाख ७ हजार ३ सय (५९.८४ प्रतिशत) खर्च गरेको देखिएको छ। पालिकाले आषाढ महिनामा मात्र रु. ५ करोड १७ लाख १५ हजार (३५.६५ प्रतिशत) खर्च गरेकोले वर्षान्तमा आएर खर्चको चाप बढेको देखिँदा सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने तथा तरलता व्यवस्थापनमा समेत चाप पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप कार्यक्रम कार्यान्वयन गरी आर्थिक वर्षको अन्त्यमा आएर अधिक खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

७ आन्तरिक नियन्त्रण प्रणालीः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन सम्बन्धमा देखिएका बेहोरा निम्न छन्।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पतिको संरक्षण गर्नुपर्ने र त्यस्ता सम्पत्तिको अद्यावधिक अभिलेख राख्नुपर्ने उल्लेख भएकोमा सोको अभिलेख नराखेको,

• कतिपय सन्दर्भमा पालिकाले भ्रमण खर्च नियमावली अनुसार भ्रमण अभिलेख तथा भ्रमण प्रतिवेदन बेगर समेत पदाधिकारी तथा कर्मचारीहरुलाई भ्रमण खर्च भुक्तानी गरेको देखिएको,

• खरिद व्यवस्थापन भएका ठेक्का फाईलको विस्तृत विवरण देखिने गरि ठेक्का अभिलेख र कन्टिन्जेन्सी खाता नराखेको,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ अनुसार सार्वजनिक निकायले वार्षिक दश लाख रुपैयाँ भन्दा बढीको खरिद गर्नु पर्ने भएमा आगामी आ.व.को लागि अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा खरिद योजना तयार नगरेको,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रम उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा हस्तान्तरण सम्बन्धी कुनै पनि कारबाही नभएको,

• पालिकाबाट सञ्चालन भएका विभिन्न आयोजना निर्माण कार्य गर्न सम्झौता गरेका उपभोक्ता समिति संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार मान्यता प्राप्त हुने गरी दर्ता वा अद्यावधिक नवीकरण भएको सम्बन्धमा कुनै पनि अभिलेख नराखेको,

• सार्वजनिक निर्माण कार्यलाई पारदर्शी तथा मितव्यायी बनाउनको लागि सार्वजनिक निर्माण सम्बन्धी लेखा राख्न म.ले.प. फाराम नं. ५०० अन्तर्गतका फारमहरुको प्रयोग गर्नुपर्नेमा सो नगरेको,

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५८(४) बमोजिम नगदै प्राप्त भएको राजस्व रकम दैनिक रुपमा बैङ्क खातामा दाखिला गर्नुपर्नेमा नियमावलीको उक्त व्यवस्था पालना नभएको,

• बेरुजुको अद्यावधिक लगतका लागि म.ले.प. फारामको व्यवस्था गरिएको म.ले.प. फाराम नं. ८०१ देखि ८०५ सम्मका म.ले.प. फाराम मध्ये पालिकासँग सम्बन्धित फाराममा तोकिए बमोजिम बेरुजुको अभिलेख नराखेको,

• कतिपय अवस्थामा म.ले.प. फाराम नं. ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक र म.ले.प. फाराम नं. ९०६ बमोजिम सवारी साधन र मेशिनरीको मर्मत सम्बन्धमा अद्यावधिक अभिलेख नराखेको,

• अर्थ मन्त्रालयले जारी गरेको सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को दफा १५(१) बमोजिम रकम विनियोजन भएको अवस्थामा धारा तथा बिजुलीको महशुल समयमा नै भुक्तानी गरी जरिबाना तिर्नुपर्ने अवस्था आउन दिन नहुने तर्फ पालिकाले ध्यान दिनु पर्नेमा सोको पालना नभएको,

• कार्यालयले सवारी साधनको सुविधा प्रयोग गर्दा अर्थ मन्त्रालयले जारी गरेको सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को दफा १०(१) बमोजिम अनिवार्य रुपमा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत लगबुकको फाराममा भएको विवरणहरु स्पष्ट रुपमा भरी स्वीकृत गरेर मात्र खपत भएको इन्धन बापतको रकम भुक्तानी दिनु पर्नेमा त्यसो नगरेको,

• पालिकाको विभिन्न शाखा र वडा कार्यालयमा रहेका जिन्सी सामानको एकीकृत विवरण तथा जिन्सी खाता अद्यावधिक नगरेको तथा जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए बमोजिम मालसामानको मर्मत तथा लिलाम नगरेको,

• कर्मचारीलाई कुनै पदमा पदस्थापन गर्दा निजामती सेवा ऐन, २०४९ को दफा ५ बमोजिम त्यस्तो पदको काम, कर्तव्य, उत्तरदायित्व, अधिकार र योग्यता समेत स्पष्ट रुपमा किटान गरिएको कार्य विवरण र सो कार्यविवरण अनुसारको कामको मूल्याङ्कन गर्ने सूचकाङ्क समेत उपलब्ध गराउनुपर्नेमा नगरेको,

• पालिकाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३/१२/२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेका पेश्की तथा बेरुजुको लगत तयार नगरेको कारण गत विगतका पेश्की तथा बेरुजु हराउने वा छुट्न सक्ने देखिएको,

उपरोक्त बुँदाहरु समेतलाई ध्यान दिई पालिकाको आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ गर्नुपर्दछ।

८ **आन्तरिक लेखापरीक्षणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने साथै आन्तरिक लेखापरीक्षणबाट देखिएका बेहोराहरु अन्तिम लेखापरीक्षण हुनु अगावै तोकिए बमोजिम फछ्र्यौट गर्नुपर्ने उल्लेख छ। पालिकामा आन्तरिक लेखापरीक्षण अधिकृतको पद रिक्त रहेकोले अन्तरसरकारी वित्तीय हस्तान्तरण तर्फको बाहेक पालिकाको यस वर्षको कुनै पनि आम्दानी र खर्चका कारोबार तथा कोषहरुतर्फ आन्तरिक लेखापरीक्षण भएको छैन। नियम बमोजिम आन्तरिक लेखापारीक्षण गर्ने तथा आन्तरिक लेखापरीक्षणबाट देखिएका बेहोराहरु उपर आवश्यक कारबाही गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

९ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन भने तथ्याङ्क संकलन, अभिलेखाङ्कन र व्यवस्थापन गर्ने सम्बन्धमा भएका अध्ययन र प्रतिवेदनको अभिलेख व्यवस्थित र अद्यावधिक नरहेको तथा प्राप्त तथ्याङ्कमा एकरुपता समेत नरहेको पाइयो। स्थानीय तहमा प्राथमिकताको आधारमा क्रियाकलाप सञ्चालनमा तथ्याङ्क तथा अभिलेखले महत्वपूर्ण भूमिका खेल्ने हुँदा तथ्याङ्क सङ्कलन र व्यवस्थित रुपमा अद्यावधिक अभिलेख राख्ने कार्य गर्नुपर्दछ।

१० **ठेक्का अभिलेखः**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.नं. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध गराउँदछ। पालिकाले स्वीकृत ढाँचामा आवश्यक विवरण देखिने गरी ठेक्का अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाँचा अनुसार आवश्यक सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

११ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ७२ जनाको दरबन्दी रहेकोमा स्थायी कर्मचारी, करार कर्मचारी, कार्यालय सहयोगी र हलुका सवारी चालक समेत ६१ जना कर्मचारी कार्यरत रहेका छन्। कार्यबोझ बमोजिम जनशक्तिको व्यवस्थापन गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

१२ **तलब भत्ता भुक्तानीः**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेखु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष आशिंक कर्मचारीको मात्र तलबी प्रतिवेदन पारित गराई १ संघिय निजामति कर्मचारी र अन्य पालिका तर्फका २६ स्थायी कर्मचारीको तलब भत्तामा पारिश्रमिक कर्मचारी शिर्षकबाट रु. २१६५८४८०.१८ र सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फका स्वीकृत दरबन्दीका स्थायी कर्मचारीको तलब भत्ताको लागि प्राप्त (स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल तथा आयुर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीको स्वीकृत दरबन्दी अनुसारको तलब, महंगी भत्ता र पोषाक भत्ता) शिर्षकबाट रु. २ करोड १६ लाख १५ हजार खर्च लेखेको छ। तसर्थ तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता र ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

[द्रष्टब्यः तलबी प्रतिवेदन पारित नभएकोले तलब भत्ता भुक्तानीको तुलना गर्दा ०८१ असारको तलबी भरपाइलाई आधारको रुपमा लिइएको छ।]

तलब भत्ता भुक्तानी सम्बन्धमा देखिएका अन्य बेहोरा निम्न छन्।

फरक कृयाकलापमा खर्चः संघीय सशर्त तर्फको बजेट तोकिएको कार्यमा मात्र खर्च लेखी बाँकी रकम संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्नेमा पालिकाले यस वर्ष स्वास्थ्य तर्फ स्थायी कर्मचारीको तलब भत्ता (स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल तथा आयुर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीको स्वीकृत दरबन्दी अनुसारको तलब, महंगी भत्ता र पोषाक भत्ता) को लागि संघीय सरकारबाट प्राप्त सशर्त अनुदानबाट जम्मा रु. २ करोड १६ लाख १५ हजार खर्च गरेको मध्ये शर्त र सम्बन्धित शिर्षक भन्दा फरक हुने गरी गाउँपालिका तर्फका सहायक चौथो तहका १ जना करार कर्मचारी अहेव [रचना अधिकारी]को तलबमा तपशिल बमोजिम रु. ४३७७२६.०० खर्च गरेको देखिएकोले स्थानीय सञ्चित कोषबाट संघीय सञ्चित कोष दाखिला हुनुपर्ने रु.

स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल तथा आयुर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीको स्वीकृत दरबन्दी अनुसारको तलब, महंगी भत्ता र पोषाक भत्ता शिर्षकबाट फरक शिर्षकमा भएको खर्चको विवरण			
क्र.सं.	खर्चको विवरण	खर्च रु.	कैफियत
१	आन्तरिक स्रोतबाट तलब पाउने १ जना करार कर्मचारीको १३ महिनाको तलब भुक्तानी	४२७७२६	प्रतिमहिना रु. ३२९०२ का दरले
२	आन्तरिक स्रोतबाट तलब पाउने १ जना करार कर्मचारीको पोषाक भत्ता भुक्तानी	१००००	
	जम्मा रु.	४३७७२६	सशर्त बजेट अन्य कृयाकलापमा खर्च

प्रमाण पेश नगरेको	४,३७,७२६

१३ **सूचना प्रकाशन र छपाइः**

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २१ को उपदफा २(ख) र विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियामावली, २०७७ को नियम ६(क) को उपदफा ३ मा सञ्चार माध्यम वा विज्ञापन एजेन्सीलाई रकम भुक्तानी गर्नुअघि ऐनको दफा २१ को खण्ड (ख) बमोजिम रकम कट्टा गर्नुपर्ने र उपनियम ४ मा उपनियम ३ बमोजिम कट्टा गरीएको ३ प्रतिशत रकम बोर्डको कोषमा जम्मा गरी सोको जानकारी बोर्डलाई दिनुपर्ने व्यवस्था रहेको छ। साथै विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियामावली, २०८० को नियम ५ (ग) मा सरकारी निकायले विज्ञापन वा सूचना प्रकाशन तथा प्रशारण गर्दा ऐनको दफा ३२ बमोजिम बिज्ञापन बोर्ड मार्फत गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष गाउँपालिका चालूतर्फ पत्रपत्रिका तथा सूचना प्रकाशन शिर्षकमा रु. ८ लाख बजेट व्यवस्थापन गरी रु. ७ लाख ९९ हजार खर्च गरेको देखियो। उक्त खर्च बराबरको कार्य विज्ञापन (नियमन गर्ने) ऐन बमोजिम विज्ञापन बोर्डमार्फत गराएको देखिएन। साथै उक्त रकमको विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियामावली बमोजिम ३ प्रतिशतले हुने रकम रु. २३,९७०.०० बोर्डको कोषमा जम्मा हुने अवस्था देखिएन। पालिकाले प्रचलित कानूनमा उल्लेख भए बमोजिम विज्ञापन वा सूचना प्रकाशन तथा प्रशारण गर्दा विज्ञापन बोर्ड मार्फत गर्नुपर्दछ।

१४ **कानुन निर्माण तथा कार्यान्वयनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधीनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। पालिकाले हालसम्म ११३ कानुन कार्यान्वयनमा ल्याएकोमा ३५ वटा ऐन, ३५ वटा नियमावली तथा ४३ वटा निर्देशिका/कार्यविधि छन्। तर्जुमा भएका ऐन कानुनहरुको प्रभावकारी रुपमा कार्यान्वियन तथा समयानुकूल परिमार्जन समेत गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

१५ **न्यायिक समितिः**

न्यायिक समितिः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दफा ४६ देखि ५३ सम्म स्थानीय न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। न्यायिक समितिमा गत वर्ष दर्ता भएको विवाद २ र यस वर्ष दर्ता भएको विवाद १६ वटा रहेकोमा यस आर्थिक वर्षको १० वटा मात्रै विवादको न्यायिक समिति मार्फत फछ्र्यौट भई गत आ.व.को २ र यस आ.व.को ६ वटा गरी ८ वटा विवाद फछ्र्यौट हुन बाँकी रहेको देखिन्छ। स्थानीय न्याय सम्पादन प्रकृयालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ।

१६ **सेवाप्रवाहको स्थिति :**

पालिकाबाट यस वर्षको सेवाप्रवाह सम्बन्धमा निम्नानुसार विवरण प्राप्त भएको छ।

विवरण	जम्मा
घरजग्गा नक्शा पास	१४
घरबाटोको सिफारिस	२८२
जन्म दर्ता	३३५
मृत्यु दर्ता	१८२
विवाह दर्ता	१९९
बसाइँसराई दर्ता आउनेको	४०
बसाइँसराई दर्ता जानेको	७८
सम्बन्ध विच्छेद दर्ता	४६

पालिकाको बजार क्षेत्रमा प्रशस्तै नयाँ घर निर्माण हुने क्रम जारी रहेको भए तापनि नक्शा पासको संख्या १४ वटा मात्रै अभिलेखमा देखिएकोले नक्शा पास कार्यलाई नियमन गरी व्यवस्थित गर्नुपर्ने देखिन्छ भने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवा प्रवाहको अभिलेख व्यवस्थित गरी व्यक्तिगत घटना दर्तासँग सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राही भिडान गरी सेवा प्रवाहलाई चुस्तता दिनुपर्दछ।

१७ **सहकारी संस्थाको सञ्चालन र नियमनः**

पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका सहकारीहरुको सञ्चालन सम्बन्धमा अनुगमन तथा नियमन गरी चुस्त रुपमा सञ्चालन हुने वातावरण सुनिश्चित गर्नुपर्दछ। यस पालिकाको अभिलेख तथा लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यस पालिकामा ३२ सहकारी संस्था दर्ता रहेकोमा २७ वटाले नियमित कोपोमिस अद्यावधिक गरेका छन्। पालिकामा रहेका १३ सहकारीले नियमित रुपमा पालिकामा विवरण पेश नगरेको जानकारी पालिकाले दिएको छ। पालिकामा अस्तित्वमा रहेका ३२ वटा सहकारी मध्ये स्थलगत लेखापरीक्षणको क्रममा १४ वटा सहकारीको सम्बन्धमा मात्रै पालिकाले विवरण उपलब्ध गराएको छ। अन्य सहकारीको सम्बन्धमा कुनै पनि अभिलेख पालिकामा नरहेको पाइयो। प्राप्त विवरण समेत अधुरो भएकोले पालिका भित्रका सहकारीमा रहेका जम्मा शेयर सदस्य, कुल शेयर पुँजी, हालसम्मको बचत निक्षेप रकम, प्रवाह गरेको ऋण रकम, ऋणी संख्या, भाखा नाघेको ऋणी तथा ऋण रकम लगायत विषयमा एकीन हुन सकिएन। पालिकाले सहकारी संस्थाहरुको सघन रुपमा अनुगमन र नियमन गर्नेतर्फ गम्भीर भएर लाग्नुपर्दछ।

१८ **युवा तथा खेलकुद विकासः**

गण्डकी प्रदेशको 'प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८' को दफा २३ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्नेछ भनेर उल्लेख गरिएको छ। तसर्थ बजेट विनियोजन तथा खर्च गर्दा आर्थिक तथा सामाजिक लाभ उच्च हुने उत्पादनमुलक प्रकृतिको कार्यक्रमहरुमा औचित्य पुष्टी हुने गरी स्रोत परिचालन गर्नुपर्दछ। पालिकाले यस वर्ष अध्यक्ष कप तथा अन्य खेलकुद कार्यक्रम शिर्षकमा पालिका स्तरीय र वडागत रुपमा गरी जम्मा रु. १३ लाख ५० हजार बजेट विनियोजन गरेकोमा अधिकांश रुपमा ससाना र पटके खेलकुद कार्यक्रमको लागि भुक्तानी गरी रु. १३ लाख ४९ हजार खर्च लेखेको छ। पालिकले वडा तथा पालिका स्तरीय खेलकुद विकासको लागि हालसम्म कुनै पनि कार्ययोजना बनाएको छैन भने टोल स्तरीय, विद्यालय स्तरीय, वडा स्तरीय र पालिका स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन सम्बन्धमा कार्यविधि र वार्षिक क्यालेण्डर समेत बनाएको छैन। तसर्थ खेलकुद विकास सम्बन्धी कृयाकलापहरु सञ्चालन गर्दा कार्यविधि र वार्षिक क्यालेण्डर बनाई निश्चित विधि र प्रकृयाको आधारमा पारदर्शी रुपमा सञ्चालन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

१९ **आर्थिक सहायत वितरणः**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नुपर्दछ । सहायता वितरण सम्बन्धी खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागि यसरी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र सहायताको प्रयोजन

तथा रकम वेबसाइटबाट सार्वजनिक गर्नु पर्दछ। पालिकाले यस वर्ष उद्दार, राहत तथा पुनर्स्थापना खर्च शिर्षकमा जम्मा रु. १० लाख बजेट विनियोजन गरेकोमा कार्यपालिकाको पटके निर्णय र अध्यक्षको तोक आदेश बमोजिम सहायता वितरण जम्मा रु. ९ लाख १२ हजार खर्च गरेको पाइयो। तर यसरी वितरण गरेको आर्थिक सहायता खर्च सम्बन्धी विवरण सार्वजनिक गरेको नदेखिएकोले आर्थिक सहायता वितरण सम्बन्धी खर्च विवरण नियमित रुपमा वेबसाइटबाट सार्वजनिक गर्नुपर्दछ।

२० **परामर्श सेवा खरिदः**

पालिकाले यस वर्ष विभिन्न आयोजनाको विस्तृत परियोजना प्रतिवेदन निर्माण सम्बन्धी कार्यमा परामर्श सेवा खरिद गरी निम्नानुसार खर्च गरेको पाइयो।

क्र.सं.	योजनाको नाम	परामर्शदाता	भुक्तानी रु.	DPR अनुसारको लागत अनुमान रु.	कैफियत
१	मुकुन्देश्वरी मन्दिर	Habitus Creations Pvt.Ltd.	२८७०२०	१५७१६७०१.०२	हालसम्म बजेट विनियोजन नभएको र कार्यान्वियनको प्रकृयामा नगएको।
२	थानिमाई मन्दिर	Rich Architech Company Pvt.Ltd	२३३९१०	८५०००३५.८८	प्रत्येक परियोजनामा रू. ४० लाख बजेट विनियोजन भई DPR बमोजिम ठेक्का आव्हान भएको
३	बन्दीपुर ढाडखोला मोटरमार्गको लागि ढाडखोलामा पक्कि पुल	Consultancy Service For Social and infrastructure Development Pvt.Ltd.	३८२९०१	५६३४४४५३.६९	
४	बेलभञ्ज्याङ्ग बानियाटार मोटरमार्ग अन्तर्गत छिर्कन खोला पुल	Green Planet Engineering Assosiate Pvt.ltd.	३६६८५०	२७४३६५५५.४७	
जम्मा			१२७०६८१	१०७९९७७४६.०६	

प्राप्त विवरण अनुसार श्री मुकुन्देश्वरी मन्दिर निर्माण आयोजनाको विस्तृत परियोजना प्रतिवेदन वापत ह्याविटस क्रिएसन प्रा.लि. लाई सम्झौता अनुसार रू. २८७०२० भुक्तानी गरी प्राप्त विस्तृत परियोजना प्रतिवेदन अनुसार योजना निर्माणको लागि रू.१५७१६७०१.०२ लागत लाग्ने अनुमान उल्लेख भएकोमा आर्थिक वर्ष २०८२।८३ मा सो योजनाको लागि बजेट विनियोजन भएको पाइएन । थानिमाई मन्दिर,बन्दिपुर ढाडपुर मोटरमार्गको लागि ढाडखोलामा पक्कि पुल तथा बेलभञ्ज्याङ्ग बानियाटार मोटरमार्ग अन्तर्गत छिर्कन खोला पुलनिर्माण आयोजनाको लागि आ.व. २०८२/८३ मा रू ४० लाखका दरले बजेट विनियोजन गरी ठेक्का आव्हान गरिएतापनि परामर्शदाताले पेश गरेको लागत अनुमान अनुसार पुग्ने गरि बजेट विनियोजन नहुदा आयोजना समयमै सम्पन्न हुन सक्ने स्थिति देखिएन तसर्थ परामर्शदातालाई भुक्तानी गरी प्राप्त अध्ययन प्रतिवेदनको कार्यान्वियन सुनिश्चित हुने गरी आवश्यकता र औचित्यको आधारमा मात्र परामर्श सेवा खरिद गर्नुपर्दछ।

२१ **औद्योगिक ग्राम निर्माण वापतको बाँकी रकमः**

विषेश अनुदान वापत प्राप्त अनुदान रकम बाट संचालित आयोजना तोकिएको समयमा निर्माण गर्न नसकिएमा सो आयोजना पालिकाले आफ्नै आन्तरिक स्रोतबाट संचालन गरी निर्माण गर्नु पर्ने गरी विषेश अनुदान कार्यविधि, २०८१ मा व्यवस्था गरिएको छ । पालिकाले औद्योगिक ग्राम निर्माण गर्न प्राप्त रु. ९२ लाख रकम मध्ये संरचना निर्माण गर्न लगाईएको प्रथम चरणको ठेक्का निर्माण व्यवसायी श्री लामा ब्रदर्श कन्सट्रक्सन प्रा.लि. सँग रु. ६७,९५,६२२.९४ मा सम्झौता गरी बाँकी रहेको रकमको पुनः ठेक्का लागाई निर्माण व्यवसायी श्री तारकेश्वर कन्सट्रक्सन प्रा.लि. सँग रु. १८,५९,७११.२९ मा सम्झौता गरी कुल रु. ८६,२५,३३४.२३ को दायित्व सिर्जना गरेको पाईयो । पालिकाले प्रथम चरणको किस्ता स्वरुप प्राप्त रकम मध्ये संरचना निर्माण गर्न दुई चरणमा खरिद सम्झौता गरी दायित्व सिर्जना गर्दा समेत अझै रु. ५,७४,६६५.७७ रकम बाँकी रहेको देखिदा अनुदानबाट प्राप्त र दायित्व सिर्जना भएको रकम बाहेकको बचत रकम संघीय संचितकोष दाखिला हुनु पर्ने रु.

प्रमाण पेश नगरेको	५,७४,६६५.७७

२२ **रित पुर्वकको कर विजकः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **५१८,०१८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

२३ **विविध खर्चः**

विविध खर्चः स्थानीय सरकारले व्ययको बजेट अनुमान र आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्दछ। पालिकाले यो वर्ष विविध खर्च, सभा तथा कार्यपालिका सञ्चालन खर्च, अतिथि सत्कार तथा अनय विविध खर्च शिर्षकमा रु. १४ लाख २४ हजार बजेट विनियोजन गरेकोमा रू. १३ लाख ८६ हजार ६८८ खर्च गरेको छ, जुन पालिकाको आन्तरिक आय रु. २२१०२२७८.५१ को ६.२७ प्रतिशत हुन जान्छ। विविध खर्च शिर्षकबाट चालु प्रकृतिका खर्च गर्दा मितव्ययिता अपनाउनुपर्दछ।

२४ **पदाधिकारी सेवा सुविधा:**

पदाधिकारी सेवा सुविधा: नेपालको संविधानको धारा २२७ मा उल्लेखित गाउँ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार गण्डकी प्रदेशले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी कानूनमा संशोधन र एकीकरण गर्न बनेको ऐन, २०७६ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकाले यस वर्ष पदाधिकारी सेवा सुविधा शिर्षकमा रु. ८२ लाख विनियोजन गरेकोमा ३३ जना जनप्रतिनिधिहरुको सेवा सुविधा तथा चाडपर्व सुविधा समेत जम्मा रु. ७६ लाख ३१ हजार खर्च गरेको छ।

२५ **आन्तरिक राजस्व आय तर्फः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक राजस्व आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर बापत अनुमानित रु. ३,१९,७५,०००.०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु. २२,१०२,२७८.५१ राजस्व आम्दानी प्राप्त भएको छ। यस सम्बन्धमा देखिएका अन्य बेहोरा निम्न छन्।

२५.१ **आन्तरिक आयको योगदानः** पालिकाले आर्थिक वर्ष २०८१।८२ मा संघीय समानीकरण अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको योगदानको स्थिति देहाय बमोजिम छ।

केन्द्रीय अनुदानबाट खर्च (समानिकरण)	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
७,९८,३१,२००.००	२,२१,०२,२७८.५१	२७.६८

उपर्युक्त विवरण अनुसार यस स्थानीय तहमा प्राप्त संघीय समानीकरण अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २७.६८ प्रतिशत मात्र रहेको छ।

२५.२ **पछिल्लो तीन वर्षको आयः** पालिकाको पछिल्लो तीन आर्थिक वर्षको आन्तरिक आय अनुमान र असुलीको तुलनात्मक विवरण निम्नानुसार रहेको छ

[रु . हजारमा]								
आ. व . ०७९।८०			आ. व . २०८०।८१			आ. व . ०८१।८२		
अनुमान	असुली	असुली %	अनुमान	असुली	असुली %	अनुमान	असुली	असुली %
२२११८	२७१६४	१२२%	१७५५८	२१०१२	१२०%	३१९७५	२२१०२	६९.१०%

उपर्युक्त तालिकामा उल्लेखित विवरण अनुसार यस पालिकाको आन्तरिक राजस्व आय सङ्कलनमा अपेक्षाकृत सुधार हुन सकेको देखिँदैन। आर्थिक वर्ष ०७९।८० मा असुल भएको आन्तरिक आयको तुलनामा ०८०।८१ मा केही कम आय असुली भए तापनि चालु आ.व. ०८१।८२ मा असुल भएको आन्तरिक आय अघिल्ला दुई वर्षको भन्दा घटी रहेको छ। आन्तरिक आय सङ्कलनलाई यथार्थपरक र प्रभावकारी बनाउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

२५.३ **कर तथा शुल्क असुली:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा स्थानीय तहले एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा बहाल कर, व्यवसाय कर र बहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ। सोही बमोजिम पालिकाले राजस्वका श्रोत विश्लेषण गरी तथ्यपरक र अनुमानयोग्य हुने किसिमका आम्दानीका श्रोत पहिचान गरी लक्ष्य निर्धारण गर्ने तथा लक्ष्य बमोजिम राजस्व संकलनमा क्रियाशील रहनुपर्नेमा पालिकाको वार्षिक अनुमान र श्रोत संकलनको अवस्था निम्नानुसार रहेको पाइयो।

सि.नं.	आम्दानी शीर्षक	अनुमान	प्राप्ति	प्राप्ति प्रतिशत
१	सम्पती कर	२००००००	१९१६५३०	९५.८
२	भुमिकर/मालपोत	२५०००००	२२८९३६६	९१.६
३	वहाल कर	१००००००००	४७१६५६०.९४	४७.२
४	वहाल विटौरी कर	१५००००	४०००	२.७
५	सवारी साधन कर (साना सवारी)	१५०००	०	०
६	अन्य मनोरञ्जन कर	५००००	०	०
७	अन्य कर	१००००	३८५५७७.०९	३८५५.८
८	सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	७०००००	६८३०००	९७.६
९	अन्य बिक्रीबाट प्राप्त रकम	१००००००	०	०
१०	विद्युत सेवा शुल्क	०	१०००	०
११	अन्य सेवा शुल्क तथा बिक्री	८०००००	४०६३४०	५०.८
१२	न्यायिक दस्तूर	२५०००	३०००	१२
१३	परीक्षा शुल्क	२५०००	२५२००	१००.८
१४	अन्य प्रशासनिक सेवा शुल्क	०	१३१०००	०
१५	पार्किङ्ग शुल्क	१५००००	०	०
१६	नक्सापास दस्तुर	२५०००००	१४२४०५.२८	५.७
१७	सिफारिश दस्तुर	३५०००००	३११८९९१.३३	८९.१
१८	व्यक्तिगत घटना दर्ता दस्तुर	५०००००	६२०६८४	१२४.१
१९	नाता प्रमाणित दस्तुर	३०००००	१९२५२०	६४.२
२०	अन्य दस्तुर	२७५००००	२३९५३०३.५३	८७.१
२१	व्यावसाय रजिष्ट्रेशन दस्तुर	३५०००००	२४१६५१७.४६	६९
२२	प्रशासनिक दण्ड जरिवाना र जफत	१५०००००	५०२५२	३.४
२३	अन्य राजस्व	०	१४७१५	०
२४	व्यवसाय कर	०	३५२३८०	०
२५	बेरूजू	०	२२३६९३५.८८	०
जम्मा		३१९७५०००	२२१०२२७८.५१	६९.१२%

माथि उल्लेखित विवरण अनुसार पालिकाले आर्थिक वर्ष २०८१।८२ गरेको अनुमानको तुलनामा ६९.१२ प्रतिशत मात्रै राजस्व आम्दानी प्राप्त गरेको छ। कतिपय आम्दानी शिर्षकमा अनुमान नै नगरिएको, कतिपय शिर्षकमा अनुमान नै न्यून गरिएको र कतिपय शिर्षकमा शुन्य असुली भएको देखिँदा यस पालिकामा पहिचान भएका राजस्वका सबै आन्तरिक श्रोतहरु उचित तरिकाले सम्बन्धित शिर्षकमा लेखाङ्कन हुन सकेको छैन। पालिकाले वडागत रुपमा संकलन भएको राजस्व सम्बन्धित शिर्षकमा समयमै दाखिला गर्ने, कर तथा शुल्कको प्रक्षेपणलाई मूल्यांकन एवं विश्लेषण गर्ने गर्नुपर्दछ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको यर्थाथपरक अनुमान मार्फत आन्तरिक स्रोतको परिचालनमा अभिवृद्धि गरी आन्तरिक आयबाटै आत्मनिर्भर बन्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

२५.४ **सिफारिस र शुल्क असुलीः** वडा तथा पालिकाबाट जारी हुने सिफारिसमा स्थानीय तहको सभाले तोके बमोजिमको शुल्क असुली हुनुपर्दछ। पालिकाको आन्तरिक लेखापरीक्षण नभएको तथा सिफारिस शुल्क दाखिला र सिफारिस सङ्ख्या सम्बन्धमा वडाहरूको चलानी किताब भिडान हुने नगरेकोले वडाहरूबाट भएको सबै सिफारिसमा सिफारिस दस्तुर असुल भएनभएको यकिन गर्न सकिएन। सिफारिस र सिफारिस शुल्क असुलीमा आन्तरिक नियन्त्रण कायम गर्न वडाहरुबाट प्राप्त सिफारिस शुल्क र चलानी किताब बमोजिम सिफारिस सङ्ख्या भिडान हुनुपर्दछ।

२५.५ **व्यवसाय करः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा स्थानीय तहले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क बापत रु. ३,५२,३८०.०० मात्रै कर सङ्कलन गरेको देखियो। पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको करदाता अभिलेख अद्यावधिक गरेको नदेखिँदा पालिकाको क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी सबै व्यवसायीहरुलाई व्यवसाय करको दायराभित्र ल्याउनुपर्दछ।

२५.६ **सामुदायिक वनबाट आय**: स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा ४ (ङ - २) अनुसार स्थानीय स्तरमा सामुदायिक, ग्रामीण तथा शहरी, धार्मिक, कबुलियती र साझेदारी वनको संरक्षण, सम्वर्द्धन, उपयोग, अनुगमन र नियमन तथा वन उपभोक्ता समूहको व्यवस्थापन संघ तथा प्रदेश कानुनको अधिनमा रही स्थानीय तहको काम, कर्तव्य र अधिकार क्षेत्रभित्र पर्ने उल्लेख छ। सोही ऐनको दफा ६२(ख) मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावर बिक्री बापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको संचितकोषमा जम्मा गर्नुपर्ने उल्लेख छ। पालिकाले आफ्नो क्षेत्रभित्र रहेका सबै सामुदायिक वनलाई पालिकामा कार्ययोजना पेश गर्न लगाई स्वीकृत गरेको तथा वन पैदावर बिक्री बापत प्राप्त हुने रकम सम्बन्धमा खोजी गरी राजस्व आम्दानी बाँधेको देखिएन। स्थानीय स्तरमा वन उपभोक्ता समूहको व्यवस्थापन सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्था पालना हुनुपर्दछ।

२५.७ **घटी दाखिलाः-** बन्दिपुर गाउँपालिका र चुनपहरा प्राकृतिक रमणीय स्थल संरक्षण समितिविच मिति २०८१/०८/१४ मा भएको बन्दीपुर गाउँपालिका वडा नं. ४ स्थित सार्वजनिक स्थानमा रहेको चुनपहरा प्राकृतिक रमणीय स्थल व्यवस्थापन गरी संचालन गर्ने सम्झौताको शर्तमा चुनपहरा प्राकृतिक रमणिय स्थल व्यवस्थापन वापत असुली भएको रकमको ५० प्रतिशत रकम पहिलो पक्ष (गाउँपालिका) लाई बुझाई बाँकी रहेको ५० प्रतिशत रकमबाट दोस्रो पक्षले व्यवस्थापन खर्च गर्नेछ भन्ने उल्लेख छ। उक्त समितिबाट प्राप्त विवरण अनुसार आ.व. ०८०/८१ मा रु. ४९४४१० र आ.व. ०८१/८२ मा रु.३९५४३० गरी जम्मा रु.८८९८४० आय प्राप्त भएकोमा सो ५० प्रतिशतले हुने रु. ४४४९२० गाउँपालिकामा बुझाउनुपर्नेमा रु.१४९२९५ मात्र बुझाएको पाइएकोले सम्झौतानुसार गाउँपालिकामा घटी बुझाएको रु.२९५६२५.०० सम्बन्धित वाट असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	२,९५,६२५

२६ **मर्मत सम्भार खर्चः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने र मर्मत सम्भार तथा संरक्षण आवेदन स्वीकृत गरी मर्मत सम्भार तथा संरक्षण अभिलेख राख्नुपर्ने व्यवस्था छ। सोही बमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ। पालिकाले सवारी साधन मर्मत गर्दा लागत अनुमान नबनाई सिधै खर्च गरेको छ। पालिकाले यस वर्ष सवारी साधन मर्मतमा रु. ९ लाख ९६ हजार खर्च लेखेको छ। मर्मत सम्भार सम्बन्धी खर्च गर्दा प्रचलित नियमको पालना गर्ने तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ।

२७ **इन्धन खर्चः**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चत मापदण्ड बनाई कार्यान्वियनमा ल्याउनुपर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था उल्लेख छ। पालिकाले यस वर्ष इन्धन (पदाधिकारी), इन्धन (कार्यलय प्रयोजन) र इन्धन अन्य प्रयोजन शिर्षकमा गरी रु. ३७ लाख ५० हजार खर्च गरेको छ। इन्धन खर्चलाई यथासम्भव मितव्ययी बनाउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

२८ **सामाजिक सुरक्षा तर्फः**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। यस पालिकामा आ.व. २०८१।८२ मा सामाजिक सुरक्षा भत्ता वितरणको लागि रु.१० करोड ५७ लाख २७ हजार विनियोजन भएकोमा पालिका भित्रका २७४२ जना लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता वितरण बापत तपशिल बमोजिम रु.१० करोड ५७ लाख १८ हजार खर्च भएको छ।

सामाजिक सुरक्षा भत्ता वितरण विवरण (आ.व. ०८१/८२)						
वडा नं.	प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	लाभग्राही संख्या [चौथो त्रैमासिक]	चौथो त्रैमासिक	वार्षिक जम्मा
१	४६७८३२७	४७९०४०२	४८३९१९४	५०३	४८९०५७९	१९१९८५०२
२	५००११४७	५०७६३३०	५१८००६२	५५८	५२९४२१५	२०५५१७५४
३	३०५८४९१	३०९०३१०	३०९९९५५	३४४	३२०७४०९	१२४५६१६५
४	३७६१०६८	३७८७६३७	३८१२३३३	३८६	३८३१३५३	१५१९२३९१
५	४१७१६७३	४१८८६९७	४२०९०१६	४३३	४२३०९०४	१६८००२९०
६	५३२३४७७	५३५२७७८	५३९३५००	५१८	५४५८२६०	२१५२८०१५
जम्मा	२५९९४१८३	२६२८६१५४	२६५३४०६०	२७४२	२६९१२७२०	१०५७२७११७
	फिर्ता भएको रु.					८८२६
	सामाजिक सुरक्षा भत्ता बापत वितरण भएको खुद रकम रु.					१०५७१८२९१

सामाजिक सुरक्षा भत्ता सम्बन्धमा देखिएको अन्य बेहोरा निम्न छन् ।

२८.१ **समीक्षा तथा सूचना प्रवाहः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा३१ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानीय तहले सम्बन्धित सभामा पेश गर्नुपर्ने र स्थानीय तहले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समीक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समीक्षा गर्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले उल्लेखित व्यवस्था परिपालना गरेको

पाइएन। सोही कार्यविधिको दफा ३२ मा स्थानीय तहले भुक्तानी गरेको भत्ता रकम र बुझी लिने व्यक्तिको नामावली स्थानीय तहको कार्यालयको अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामेसी सम्बन्धित स्थानीय तहको वेबसाइटमा राख्ने व्यवस्था मिलाउनुपर्ने व्यवस्था भए पनि पालिकाले नियमित रुपमा लाभग्राहीहरुको नाम नामेसी वेबसाइटमा अद्यावधिक तथा स्थानीय तहको कार्यालय र वडा कार्यालयको सूचना पाटीमा सार्वजनिक गरेको पाइएन। कार्यक्रमको समीक्षा तथा सूचना प्रवाह सम्बन्धमा समाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधिको व्यवस्था पालना हुनुपर्दछ।

२८.२ **सार्वजनिक सुनुवाईः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा ३४ अनुसार स्थानीय तह तथा वडा समितिले प्रचलित कानुन बमोजिम सार्वजनिक सुनुवाई गर्दा सामाजिक सुरक्षा भत्ता सम्बन्धी विषयलाई समेत समावेश गर्नुपर्ने र सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझाव मध्ये स्थानीय तहले आफूले सक्ने कुरा सम्बोधन गरी स्थानीय तहबाट सम्बोधन हुन नसक्ने गुनासा तथा सुझावहरु सम्बोधनका लागि स्थानीय तह, प्रदेश सरकार तथा नेपाल सरकारको सम्बन्धित नियकायमा पठाउनु पर्ने व्यवस्था भएकोमा उल्लिखित कार्य भए गरेको पाइएन। कार्यविधिको पालना गरी नियमित रुपमा सार्वजनिक सुनुवाई गरी सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा छलफल गर्नुपर्दछ।

२९ शिक्षा तर्फः

स्थानीय सरकार सञ्चालन ऐन - २०७४ को दफा ११ को उपदफा २(ज) मा आधारभूत र माध्यमिक शिक्षा सम्बन्धमा स्थानीय तहको काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ। पालिकाको शिक्षा तर्फ मुख्यतया निम्न बेहोरा देखिएका छन्।

क) शिक्षक विद्यार्थी अनुपातः पालिकामा बाल विकास केन्द्र समेत जम्मा ३३ विद्यालय रहेकोमा ती विद्यालयमा रहेका शिक्षक दरबन्दी र विद्यार्थी संख्याको अनुपात देहाय बमोजिम रहेको छ।

विद्यालय संख्या	विद्यार्थी संख्या	प्रति विद्यालय औसत विद्यार्थी	शिक्षक दरबन्दी	शिक्षक पदपूर्ति	शिक्षक विद्यार्थी अनुपात
३३	२७३६	८२.९१	१८२	१८२	(करिब) १:१५

ख) प्रति विद्यार्थी लागतः पालिकामा रहेका ३३ विद्यालयमा पालिकाले यस वर्ष गरेको निकासाको आधारमा पालिकाको प्रति विद्यार्थी औसत लागत देहाय बमोजिम रहेको छ।

विद्यार्थी संख्या	वार्षिक निकासा रकम रु.					प्रति विद्यार्थी औसत लागत
	शिक्षक/कर्मचारी तलब भत्ता	दिवा खाजा	पाठ्य पुस्तक	अन्य	जम्मा निकासा	
२७३६	१०५६८००५३	३०२३४९८	१११२६६३	१२५९४२५४	१२२४१०४६८	४४७४०.६७

भौगोलिक विकटता र बढ्दो बाह्य बसाइँसराइको कारण शिक्षक विद्यार्थी अनुपात अत्यन्तै न्यून तर प्रति विद्यार्थी वार्षिक औसत लागत उच्च देखिएको अवस्थामा विकट ग्रामीण क्षेत्रमा बसोबास गर्ने र स्थानीय सामुदायिक विद्यालयमा अध्ययन गर्ने बालबालिकाको गुणस्तरीय शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित हुने गरी सामुदायिक विद्यालयहरुको सञ्चालन, व्यवस्थापन र नियमन गर्ने तर्फ पालिका गम्भीर भएर लाग्नुपर्दछ।

३० विद्यालयको कोष सञ्चालनः

शिक्षा नियमावली - २०५९ को नियम १६९(५) मा विद्यालयको कार्य सञ्चालनको लागि विद्यालय कोषको रकम नजिकैको वाणिज्य बैंकमा खाता खोली जम्मा गर्न सकिने उल्लेख छ। पालिकामा पेश गरिएको विद्यालयहरुको लेखापरीक्षण प्रतिवेदन अनुसार पालिका अन्तर्गतका निम्नलिखित २ वटा विद्यालयले रु. १ लाख ९९ हजार स्थानीय सहकारीमा जम्मा गरेको, ४ वटा विद्यालयले रु. ३६ हजार ५१४ नगद मौज्दात राखेको, १ वटा विद्यालयले रु. १ लाख व्याजमा लगानी गरेको र अर्को १ वटा विद्यालयले रु. ७ लाख ९३ हजार पेश्की दिएको पाइयो।

क्र.सं.	विद्यालयको नाम	०८०।८१ को लेखापरीक्षण प्रतिवेदन अनुसार			
		सहकारीमा मौज्दात	नगद मौज्दात	लगानी	पेश्की दिएको
१	पदमा आ.वि.	-	-	१०००००	-
२	जगदिश्वर आ.वि.	९६१७९	-	-	-
३	चन्द्रोदय आ.वि.	१०२८५०	९०५०	-	-
४	जलदेवी आ.वि.	-	८६०५	-	-
५	अरुरण मा.वि.	-	१३९३०	-	-
६	सेती गंगा आ.वि.	-	-	-	७९२७२९
७	जय नेपाल आ.वि.	-	४९२९	-	-
	जम्मा	१९९०२९	३६५१४	१०००००	७९२७२९

विद्यालयको कोषको रकम नजिकैको बैङ्कमा खाता खोली राख्नुपर्नेमा नियम विपरित जोखिमयुक्त सहकारीमा जम्मा गरेको, नगद मौज्दातको रुपमा राखेको, व्याजमा लगानी गरेको र पेश्की दिएको समेत देखिएकोले नियमानुसार बैंकबाट विद्यालयको कोषको सञ्चालन हुने व्यवस्था मिलाउनुपर्दछ।

३१ **दिवा खाजाका लागि विद्यालयलाई अनुदानः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **२६,१४५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **२,८२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **६,४५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३२ **सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षणः**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा जारी कार्यक्रम कार्यान्वयन कार्यविधि - २०८१।८२ मा उल्लेख भएको विद्यालय शिक्षा क्षेत्र कार्यक्रम अन्तर्गत क्रियाकलाप नं. २.७.१०.१३ - विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत स्थानीय तहले विद्यालयको सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण, विद्यार्थी परिचय पत्र व्यवस्थापन, विद्यालय तथ्याङ्क व्यवस्थापन, बुलेटिन प्रकाशन लगायतका क्रियाकलाप सञ्चालनका लागि आधारभूत तह सञ्चालित प्रत्येक विद्यालयलाई रु. १० हजार र माध्यमिक तह सञ्चालित प्रत्येक विद्यालयलाई रु. १५ हजार एकमुष्ट अनुदान वार्षिक रुपमा उपलब्ध गराउने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष विद्यालयको सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण लगायतका कार्यको लागि आधारभूत तह सञ्चालित २५ वटा विद्यालयहरुलाई प्रति विद्यालय रु. १० हजारका दरले रु. २५००००.०० र माध्यमिक तह सञ्चालित ६ वटा विद्यालयहरुलाई प्रति विद्यालय रु. १५ हजारका दरले रु. ९००००.०० समेत जम्मा रु. ३४००००.०० निकासा दिएकोमा स्थलगत लेखापरीक्षणको अवधि २०८२ मंशिर ७ सम्म विद्यालयहरुको सामाजिक परीक्षण सम्पन्न भई प्रतिवेदन समेत प्राप्त भएकोमा कुनै पनि विद्यालयले आर्थिक लेखापरीक्षण सम्पन्न भएको प्रतिवेदन पालिकामा पेश भएको पाइएन। तसर्थ सम्बन्धित विद्यालयहरुबाट आर्थिक लेखापरीक्षण प्रतिवेदन पालिकामा पेश हुनुपर्ने रु.

क्र.सं.	विद्यालयको नाम	निकासा रु.	कैफियत
१	जगदिश्वर आ.वि.	१००००	
२	कालिका मा.वि.	१५०००	
३	शिव मा.वि	१५०००	
४	आँदीवराही आ.वि.	१००००	
५	झारगाउँ आ.वि.	१००००	
६	त्रिभुवन आ.वि.	१००००	
७	तामुङ आ.वि.	१००००	
८	पद्म आ.वि.	१००००	
९	चन्द्रोदय आ.वि.	१००००	
१०	जयनेपाल आ.वि.	१००००	
११	बिष्णु मा.वि.	१५०००	
१२	उदय आ.वि.	१००००	
१३	जनता आ.वि.	१००००	
१४	दिल आ.वि.	१००००	
१५	सरस्वती आ.वि.	१००००	
१६	भैरव आ.वि.	१००००	
१७	शिवशक्ति आ.वि.	१००००	
१८	कालिका आ.वि.	१००००	
१९	सिद्धदेवी आ.वि.	१००००	
२०	भँगेरी आ.वि.	१००००	
२१	चामुण्डामाई आ.वि.	१००००	
२२	जनजागृति आ.वि.	१००००	
२३	जलदेवी आ.वि.	१००००	
२४	शान्ति आ.वि.	१००००	
२५	ज्योति आ.वि.	१००००	
२६	देउराली आ.वि.	१००००	
२७	सुनिता आ.वि.	१००००	
२८	अरुण मा.वि	१५०००	
२९	भानु मा.वि	१५०००	
३०	पवित्रा मा.वि	१५०००	

३१	सेतीगंगा आ.वि	१००००	
	जम्मा	३४००००	

प्रमाण पेश नगरेको	३,४०,०००

३३ **विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिकः**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३४ **छात्रवृत्ति बापतको निकासाः**

विद्यार्थी छात्रवृत्ति बापत विद्यालयमा निकासा भएको रकम सम्बन्धित विद्यार्थीलाई हस्तान्तरण गरी सोको प्रमाण पालिकामा पेश गर्नुपर्दछ। पालिकाले यस वर्ष पालिकामा रहेका विद्यालयहरुमा अध्ययनरत विपन्न तथा लक्षित लक्षित वर्गका विद्यार्थीलाई छात्रवृत्ति बापत३० वटा विद्यालयमा २३२४५०.०० निकासा गरेको छ।

३४.१ **फिर्ता हुनुपर्ने रकमः**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **३००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **१,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **३,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **२,३००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **५,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३४.२ **भरपाई पेश नभएकोः**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **२,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **१,६००** सम्परीक्षण

गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **९,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३५ **निशुल्क पाठ्यपुस्तक अनुदानः**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा जारी कार्यक्रम कार्यान्वयन कार्यविधि - २०८१।८२ मा उल्लेख भएको विद्यालय शिक्षा क्षेत्र कार्यक्रम अन्तर्गत क्रियाकलाप नं. २.४.६.२ – सार्वजनिक विद्यालयका विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान अन्तर्गत स्थानीय तहले ईमिस अनुसारको सत्यापित विद्यार्थी संख्याको आधारमा आवश्यक पाठ्यपुस्तक निःशुल्क वितरणको लागि विद्यालयको खातामा रकम निकासा दिने, विद्यार्थीले शैक्षिक शत्रको सुरुवातमै पूरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने कार्य स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको हुने र विद्यार्थीले पाठ्यपुस्तक बुझेको भरपाई विद्यालयले स्थानीय तहमा पेश गर्ने व्यवस्था छ। पालिकाले यस वर्ष निःशुल्क पाठ्यपुस्तक अनुदानबापत ३१ वटा विद्यालयलाई जम्मा रु. ११ लाख १३ हजार निकासा दिएको छ।

३५.१ **खर्च नभई बाँकी रकमः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **५८१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **७१६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **२,०२६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३५.२ **बिल भरपाई पेश नभएकोः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **३,६४१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **६,०७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **४,२७९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३६ **गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमः**

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को प्रस्तावनामा स्थानीय तहमा लघु उद्यमको विकास र प्रवर्द्धनको माध्यमबाट गरिबी निवारणमा सहयोग पुर्याउनु गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको उद्देश्य रहेको उल्लेख छ। गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत यस वर्ष पालिकालाई संघीय सशर्त अनुदान रु. १३

लाख विनियोजन भएकोमा पालिकाले तपशिल बमोजिम रु. ६ लाख २१ हजार खर्च गरेको छ।

क्र.सं.	कार्यक्रम /प्याकेजको नाम	विस्तृत विवरण	खर्च रु.	कैफियत
१	उद्यम विकास सहजकर्ताको तलब, चाडपर्व खर्च र पोषाक भत्ता	१ जनालाई	३९०५६६	(सहायक चौथो)
२	नयाँ उद्यमी सिर्जना तर्फ (ढाकाटोपी बनाउने तालिम)	(१७ जनालाई ८ दिन)	२३०३९९	
	नया उद्यमी सिर्जना तर्फ सालको पातको टपरी बनाउने तालिम	(९ जनालाई ७ दिन)		
	जम्मा खर्च रु.		६२०९६५	

तालिमबाट उत्पादित सामग्रीको बिक्री वा जिन्सी दाखिलाः गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखी त्यस्ता सामाग्रीहरु प्रशिक्षण अवधिभित्रै परल मूल्यको ५० प्रतिशत छुट मूल्यमा सहभागीलाई नै बिक्री गरी प्राप्त रकम तोकिएबमोजिमको राजस्व खातामा जम्मा गर्नु पर्ने तथा उक्त सामान कहीँ पनि बिक्री नभएमा स्टोर दाखिला गरी यथाशिघ्र लिलाम बिक्री गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले आ.व. २०८१।८२ मा ढाकाटोपी तथा सालको पातको टपरी बनाउने सीप विकास तालिम सञ्चालन गरेकोमा ढाकाटोपी बिक्रीबाट रु. १२५० आन्तरिक राजस्व खातामा दाखिला भए तपनि उल्लेखित तालिमबाट उत्पादित अन्य सामग्रीहरुको बिक्री तथा जिन्सी दाखिला भएको पाइएन। गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को व्यवस्थाको पूर्ण पालना गरेर कार्यक्रम सञ्चालन गर्नुगराउनुपर्दछ।

३७ **कृषि तथा पशुमा अनुदानः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

३८ **प्रधानमन्त्री रोजगार कार्यक्रमः**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवन यापनमा सुधार ल्याउने उद्देश्यले सबै स्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १२ मा स्थानीय तहभित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क सङ्कलन र अद्यावधिक गर्ने र स्थानीय तहको बजेट तथा कार्यक्रमबाट रोजगारमुलक आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन गर्ने भूमिका स्थानीय तहको हुने उल्लेख छ। पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सूचीमा समावेश भएका बेरोजगारहरुलाई प्राथमिकीकरण गरी प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्दछ। कार्यक्रम अन्तर्गत यस आ.व.मा पालिकामा पैदलमार्ग निर्माण, सिँढी बाटो मर्मत, नाला सरसफाइ, पर्खाल निर्माण, सडक ढलान र चौतारो निर्माण लगायतका २९ वटा आयोजना सञ्चालन भएको पाइयो। सूचीकृत बेरोजगार ३७४ जना रहेकोमा रोजगारीका लागि छनोट भएका ७६ जनाले यस वर्ष पालिकामा सञ्चालित आयोजनाबाट औसत ७१.८४ दिनका दरले जम्मा ५४६० दिन रोजगारी प्राप्त गरेका छन्। प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत पालिकामा विनियोजित बजेट रु. ६६ लाख १४ हजार मध्ये श्रमिकको ज्याला बापत कुल रु. ३६ लाख ८१ हजार भुक्तानी भएकोमा प्रशासनिक र कार्यक्रम खर्च समेत रु. ५६ लाख ७१ हजार खर्च भएको छ। कार्यक्रम अन्तर्गत भएको खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएता पनि दीर्घकालीन रोजगारी सिर्जना र स्थानीय विकास निर्माणका कामको दीगोपना अभिवृद्धिमा प्रभावकारी योगदान पुगेको देखिँदैन। यस सम्बन्धमा देखिएका अन्य बेहोरा निम्नअनुसार छन्।

३८.१ **न्यूनतम रोजगारः** रोजगारीको हक सम्बन्धी ऐन - २०७५ को दफा ८(१) मा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले ऐन प्रारम्भ भएपछि बेरोजगार व्यक्तिलाई एक आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगार प्रादान गर्न आवश्यक रोजगार कार्यक्रम सञ्चालन गर्ने उल्लेख भएकोमा पालिकाले यस वर्ष रोजगारीका लागि छनोट भएका लाभग्राहीलाई सरदर औसत ७१.८४ दिन मात्रै रोजगार प्रदान गरेको देखिँदा सम्बन्धित लाभग्राहीहरु न्यूनतम रोजगारीको हकबाट वञ्चित हुन गएको पाइयो। ऐनको व्यवस्था अनुसार न्यूनतम रोजगार सुनिश्चित हुनेगरी रोजगार कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

३८.२ **प्रगति समीक्षा र प्रतिवेदनः** प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका - २०७५ को दफा ७३(४) मा सम्बन्धित गाउँकार्यपालिका वा नगरकार्यपालिकाले आफ्नो क्षेत्रभित्रका कार्यक्रमहरुको चौमासिक तथा वार्षिक रुपमा समीक्षा गरी सोको प्रतिवेदन

सार्वजनिक गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले चालु आर्थिक वर्षमा सञ्चालित कार्यक्रमहरुको नियमित रुपमा आवधिक समीक्षा गरी सोको प्रतिवेदन सार्वजनिक गरेको पाइएन। निर्देशिकामा उल्लेखित व्यवस्थाको पालना गरी कार्यक्रमको प्रभावकारिता प्रवर्द्धन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

३८.३ **कार्यस्थल सुरक्षा सामग्री खरिदः** कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि - २०७६ को दफा ७ को उपदफा ३(ग) मा आयोजनाको कुल अनुमानित लागतको आधारमा अधिकतम २ प्रतिशत रकम श्रमिकका लागि कार्यस्थल सुरक्षा सामग्री खरिदमा खर्च गर्ने गरी खर्चको प्रस्ताव गर्नुपर्ने र सोही दफाको उपदफा ३(ङ) मा श्रमिकका लागि कार्यस्थल सुरक्षा सामग्री खरिद गर्दा प्राविधिकले अनुसूची - १ बमोजिमको फाराममा उक्त आयोजनामा काम गर्दा श्रमिकको सुरक्षामा जोखिम हुने भनी स्पष्ट उल्लेख गरी सुरक्षा सावधानीका लागि प्रयोग गर्न सिफारिस गरेका सामग्रीहरु लागत अनुमानको सीमाभित्र रहेर मात्र खरिद गर्नुपर्ने उल्लेख भएकोमा पालिकाले यस वर्ष गैंची, ठेला, ह्यामर, गल, ज्यावेल, बेल्चा, टेप, ज्याकेट लगायतका सामग्री खरिद बापत भौचर नं. २१३ - ०८२।०२।३० बाट रु. १,३०,७४०.०० खर्च लेखेको छ। यसरी सामग्री खरिद गर्नु अघि प्राविधिकले आयोजनामा काम गर्दा श्रमिकको सुरक्षामा हुने जोखिम उल्लेख गरी सुरक्षा सावधानीका लागि ती सामग्रीहरु प्रयोग गर्न सिफारिस गरेको पाइएन। खरिद भएका सामग्रीहरु केही श्रमिकहरुलाई बाँडिएको र केही भण्डार कक्षमा नै रहेको भनी पालिकाले मौखिक जानकारी गराएको छ। तसर्थ कार्यविधिमा उल्लेखित कार्यस्थल सुरक्षा सामग्री सम्बन्धी व्यवस्थाको पालना भएको नदेखिएकोले खरिद भएका सुरक्षा सामग्रीहरु सम्बन्धित आयोजनामा रोजगारीमा खटिने श्रमिकले प्राप्त गरेको सुनिश्चित हुने प्रमाण सहित नियमित हुनुपर्ने रु.

अनियमित भएको	१,३०,७४०

३९ **शिर्षक फरक पारी खर्चः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **१२,२८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

अनियमित भएको	०

४० **सुरक्षित आप्रवासन कार्यक्रमः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **६३,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

अनियमित भएको	०

४१ **औषधी खरिदः**

पालिकाले यस वर्ष तपशिल बमोजिम औषधी खरिदमा रु. १५५९७२५.००खर्च गरेको छ।

क्र.सं.	खरिदको विवरण	आपूर्तिकर्ताको नाम	खर्च रु.	कैफियत
१	१४१ आइटम औषधी खरिद	क्याण्डेला मेडि कन्सर्न	८१४०००	भौचर नं. १२४ - सशर्त चालु
२	२६ आइटम आयुर्वेदिक औषधी खरिद	प्राकृतिक हर्बास्युटिकल्स प्रा.लि.	४५००००	भौचर नं. ७० - सशर्त चालु
			२९४७२५	भौचर नं. २६८ - गा.पा. चालु
	जम्मा खर्च रु.		१५५९७२५	

४१.१ **पूर्वनिर्धारित क्षतिपूर्तिः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **११,३६५.५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४१.२ **तोकिएको स्पेशिफिकेशन भन्दा फरक हुनेगरी आपूर्तिः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **९,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

अनियमित भएको	०

४२ **बढी भुक्तानीः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **१,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४३ **सोझै खरिदः**

सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम प्रतिस्पर्धी तथा पारदर्शी रुपमा खरिद हुनुपर्दछ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ मा वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ। पालिकाले खरिदलाई प्रतिस्पर्धी बनाउन खरिद योजना बनाई प्याकेजिङ गर्न मिल्ने खरिदलाई प्याकेजिङ गर्नुपर्नेमा सो नगरी टुक्रा खरिद गरेको पाइयो। पालिकाले आ.व. २०८१।८२ मा पालिकाको लागि आवश्यक कम्प्युटर तथा सूचना प्रविधिजन्य सामग्रीहरु पटक पटक सोझै खरिद गरी रु. ५१ लाख ४९ हजार ५८३ र पालिकाको लागि आवश्यक मसलन्द तथा कार्यालय सामाग्री पटक पटक सोझै खरिद गरी रु. २१ लाख ९७ हजार ३२६ खर्च गरेको पाइयो।सोझै खरिद गरिएका सामग्रीहरुको गुणस्तर र मूल्यमा प्रतिस्पर्धा संकुचित हुन जाने र खरिदको लागत समेत बढ्ने हुनाले माग र आवश्यकताको विश्लेषणको आधारमा वार्षिक खरिद योजना र लागत अनुमान तयार गरी खरिद नियमावली बमोजिम प्रतिस्पर्धी तरिकाले खरिद गर्नुपर्दछ।

कम्प्युटर तथा सूचना प्रविधिजन्य सामग्री सोझै खरिद सम्बन्धी प्रमुख उदाहरणहरु				
क्र.सं.	भौचर नं.	आपूर्तिकर्ताको नाम	खर्च रु.	कैफियत
१	[९९ - ०८१।१२।११]	मोसन बिजिनेस ग्रुप प्रा. लि .	९६५०००	प्रिन्टर तथा डेस्कटप खरिद
२	[३० - ०८१।०९।०५]	स्किल नेट प्रा. लि .	९०९३६३	प्रिन्टर तथा ल्यापटप खरिद
३	[१७१ - ०८२।०२।०७]	आइटी अफिस लिङ्क	३८२२९०	प्रिन्टर, हार्ड डिस्क तथा क्यामेरा
	जम्मा रकम रु.		२२५६६५३	

मसलन्द तथा कार्यालय सामाग्री सोझै खरिद सम्बन्धी केहि उदाहरणहरु				
क्र.सं.	भौचर नं.	खर्च रु.	आपुर्तिकर्ताको नाम	कैफियत
१	[३९४ -०८१।११।२६]	५५०००	बन्दिपुर विन्दावासिनि किराना पसल	मसलन्द तथा कार्यालय सामाग्री
२	[४०२ -०८१।११।२७]	९४५२१	ग्लोबल लिङ्क टेक्नोलोजी	
३	[५३२ -०८२।०१।२५]	९२०६०	टुडेज कम्प्युटर सिस्टम	कम्पुटर जन्य सामाग्री
४	[५४८ - ०८२।०२।२]	५०५३३	कुसुम फर्निसिङ हाउस	मसलन्द तथा कार्यालय सामाग्री
५	[५९८ -०८२।०२।२८]	८९६०००	शुभकामना सप्लायर्स	
	जम्मा	११८८११४		

४४ **जै घासँको बिउ वितरणः**

पालिकाको स्वीकृत कार्यकम अनुसार कृषकको ५०% लागत सहभागितामा वडा नं १,२,५ का २०० किसानलाई ३७९५ के.जी. जैँ घास प्रति के.जि. ५९.७५ का दरले खरिद गरी आपुर्ति कर्तालाई रु. २२३३४५.०० भुक्तानी गरी बिउ वितरण गरेको पाईयो।कृषि सूचना तथा प्रशिक्षण केन्द्रबाट जारी गरीएको "पशुपन्छी डायरी २०८१" अनुसार मध्य पहाडी क्षेत्रमा जै घाँसको बिउ छर्ने उपयुक्त समय असोज, कार्तिक-मार्ग महिना उल्लेख गरिएको छ। पालिकाले सोहि अनुसार उक्त विउ खरिद प्रकिया असोज अगाडीबाटै सुरु गरी कृषकलाई उपयुक्त समयमा बिउ वितरण गर्नुपर्नेमा सो अनुसार नगरी "भण्डारी घाँस नर्सरी तथा विक्री केन्द्र" सँग मिति २०८१ मंसिर २१ मा सम्झौता गरी मसिंर २५ मा पालिकामा ढुवानी भएको देखाए तापनि कृषकलाई वितरण गरेको भर्पाईमा मिति उल्लेख गरेको पाईएन। पालिकाले समयमै विउँ वितरण नगरेकाले हिउँदको समयमा हरियो घाँस उत्पादन भयो, भएन वा कार्यक्रमको लक्ष्य पुरा भयो, भएन यकिन गर्न सकिएन। पालिकाले समयमै कार्यक्रम कार्यान्वयन गरी लक्षित लाभग्राहिलाई उपयुक्त समयमा सेवा वितरण गरी नियमित अनुगमन र मुल्याङ्कन मार्फत कार्यक्रमको लक्ष्य प्राप्त गर्ने तर्फ ध्यान दिनुपर्छ ।

४५ **बिल भरपाई बेगर भुक्तानीः**

गण्डकी प्रदेशको प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्दछ। पालिकाले वडा कार्यालयको सिफारिस पत्र र कार्यापालिकाको निर्णय बमोजिम टोलबस्तीमा बत्ती जडान तथा मर्मतको लागि पर्यटकीय गाउँहरुमा उज्यालो बन्दीपुर कार्यक्रम शिर्षकबाट [भौचर नं. - ०८ - ०८१।०६।२१] तीनधारा टोल विकास संस्थालाई रु. २००००.०० भुक्तानी दिएकोमा कार्यसम्पन्न गरेको प्रमाणित हुने प्राविधिक पुष्ट्याईँ र बिल भरपाई स्रेस्तामा संलग्न रहेको पाइएन। तसर्थ टोल विकास संस्थालाई भुक्तानी भएको सो रकम टोल बस्तीमा बत्ती जडान र मर्मतमा खर्च भएको प्रमाणित हुने प्राविधिक पुष्ट्याई र बिल भरपाई पेश हुनुपर्दछ अन्यथा सम्बन्धितबाट असुल गरी स्थानीय सञ्चित कोषमा दाखिला हुनुपर्दछ।

प्रमाण पेश नगरेको	२०,०००

४६ **प्रोभिजनल सम आइटममा मूल्य अभिवृद्धि करः**

प्रोभिजनल सम आइटमको खर्च बापतको बिल रकम जति छ त्यति बराबरको रकम सोधभर्ना भुक्तानी दिनुपर्नेमा पालिकाले ठेक्का नं. BRM/Works/09-RE/2080-081 को निर्माण कार्य बापत निर्माण व्यवसायी मनोकामना गुरुङ निर्माण सेवालाई भौचर नं. ३ - ०८१। ०६।०८ बाट रु. १४२५०००.०० भुक्तानी गर्दा बीमाको बिल रु. १५५५७.५२ मा समेत मूल्य अभिवृद्धि कर रु. २०२२.५० जोडेर भुक्तानी गरेको देखिएकोले सो रकम सम्बन्धितबाट असुल हुनुपर्दछ।

असुल गर्नुपर्ने	२,०२२.५

४७ **प्राविधिक मूल्याङ्कनः**

बन्दिपुर गाउँपालिकाको सार्वजनिक खरिद नियमावली २०७६ को नियम १३२(ख) मा प्राविधिक नापीजाँच गरी नापी किताव (मेजरमेन्ट वुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा विलविजकको भुक्तानी हुनुपर्ने उल्लेख छ। पालिकाले सुहाना निर्माण सेवा प्रा.ली. लाई कार्यपालिकाको मिति २०८१.१०.०७ को निर्णय उल्लेख गरी प्राविधिक मूल्याँङ्कन तथा कार्यादेश वेगर वन्दीपुर-१ चिसापानी क्रियापुत्री भवनको पहिरो पन्छ्याउने कामको व्यहोरा उल्लेख गरी रु.४८००० भुक्तानी गरेको पाईयो। नियममा उल्लिखित प्रक्रिया वेगर भुक्तानी भएको ८ घण्टा जे.सि.वि. प्रयोग गरेको मु.अ. कर वाहेक प्रतिघण्टा ५३९० को विल संलग्न गरी भुक्तानी भएको देखियो। उक्त जे.सि.वि. को प्रतिघण्टा पालिकाको दररेट रु.४१०० प्रतिघण्टा हुन जाने देखिन्छ।प्रतिघण्टा रू. १२९०का दरले ले बढी हुने गरी ८ घण्टाको जम्मा रू. १०३२० को मु.अ.कर समेत हुने रू.११६६१.६ पालिकाले तोकेको दर भन्दा बढी दरले भुक्तानी गरेको देखिदा बढी भुक्तानी भएको रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रू.

असुल गर्नुपर्ने	११,६६१.६

४८ **जग्गाको स्वामित्व बेगर संरचना निर्माणमा खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाइ, प्रमाण र कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष आमा समूह तथा सामुदायिक भवन भवन निर्माण र मर्मत सम्भारको लागि भुक्तानी दिएको पाईयो । यसरी अनुदान वितरण गरिएका संस्थाहरु आधिकारिक रुपमा दर्ता भई नियमित सञ्चालनमा रहे/नरहेको तथा ति संस्थाको नाममा सो संरचना रहे/नरहेको सम्बन्धी जग्गाको लालपुर्जा समेत सम्बन्धित फाईलमा संलग्न गराएको पाईएन । ती संस्थाहरुको क्रियाकलापले स्थानीय समुदायमा पुर्याउने प्रभावको वस्तुगत अनुगमन र मूल्याङ्कन नगरी अनुदान मात्र वितरण गर्नुको औचित्य पुष्टि हुँदैन । समुदायमा आधारित संस्थाहरुको भौतिक पुर्वाधार निर्माण र मर्मतमा खर्च गर्न अनुदान दिइए पनि भौतिक पूर्वाधार निर्माण हुने स्थानको भुःस्वामित्व तथा मर्मत गरिएका भवनहरुको स्वामित्व सम्बन्धमा समेत उपलब्ध स्रेस्ता विवरणमा केहि खुलेको छैन । तसर्थ आगामी दिनमा समुदायमा आधारित संस्थाहरुलाई भौतिक पूर्वाधार निर्माण र मर्मत लगायतमा अनुदान दिँदा संस्थाहरुको आधिकारिकता, समुदायमा पुर्याउने योगदान, भवन तथा जमिनको स्वामित्व (लालपुर्जा) समेतलाई ध्यान दिई निश्चित मापदण्ड बमोजिम अनुगमन र मूल्याङ्कनको आधारमा औचित्य पुष्टि हुने गरेर मात्र अनुदान वितरण हुनुपर्दछ । पालिकाले यस वर्ष अनुदान दिई संरचना निर्माण तथा मर्मत गराएका देहाय अनुसारको भवन निर्माण वापत भएको भुक्तानी नियम सम्मत नदेखिएको रु.

सि.नं.	भुक्तानी पाउने	भुक्तानी रु.
१	कमलवारी टोल विकास संस्था	४०००००
२	कामीडाँडा आमा समूह भवन निर्माण उपभोक्ता समिति	३०००००
३	चन्द्रकोट सामुदायिक भवन निर्माण उपभोक्ता समिति	२९६४००
४	माथिल्लो खहरे आमा समूह	३०००००
५	गौरीगाउँ आमा समूह	१९९८१४
६	रानीपानी आमा समूह	३०००००
७	साराङ्घाट सामुदायिक भवन अधुरो उपभोक्ता समिति	२९७८८१
८	भदौरे सामुदायिक (अधुरो) निर्माण उपभोक्ता समिति	३०००००
९	कल्लेरी आमा समूह भवन निर्माण उपभोक्ता समिति	३९९३७२
१०	सत्य वचन भवन निर्माण बन्दिपुर	२०००००
११	घमलछाप समाज भवन	३०००००
१२	झारगाँउ सामुदायिक युवा परिवार	५०००००
१३	कन्यादेवी सामुदायिक भवन निर्माण	४०००००
१४	साराङकोट आमा समुह भवन निर्माण	२०००००
१५	साम्दी चर्च	३०००००
१६	सारङकोट चर्च	१०००००
१७	चौतारे आमा समुह	२०००००
१८	जनकल्याण आमा समुह	२०००००
	जम्मा	५१९३४६७

अनियमित भएको	५१,९३,४६७

४९ प्रयोजन नखुलेको घरभाडाः

पालिकाले चालु प्रकृतिका खर्च मितव्ययी र प्रभावकारी ढङ्गले गरी वित्तिय अनुशासन कायम गर्नुपर्दछ।पालिकाले यस आर्थिक वर्ष ७ घरधनिसग सम्झौता गरी घरभाडा भुक्तानी गरेको पाइयो। अधिकांश सम्झौतामा पालिकाले भाडामा लिनुको प्रयोजन नखुलेकाले के आवश्यकताले घरभाडा लिएको हो यकिन गर्न सकिएन। पालिकाले दिएको जानकारी अनुसार भाडामा लिएको घरलाई आवश्यकता अनुसार कर्मचारी आवासमा प्रयोग गरिएको भए तापनि स्पष्ट कार्यविधि बनाई कुन कुन कर्मचारीले सो आवास सुविधा पाउने भन्ने खुलाएको देखिएन। पालिकाले आफ्नो आवश्यकता र औचित्य पुष्टी हुने अवस्थामा स्पष्ट कार्यविधि बनाई कुन कुन कर्मचारी तथा शाखा प्रमुखहरुले घर भाडा सुविधा प्राप्त गर्ने हो सो खुलाई भुक्तानी गर्नु पर्नेमा घरभाडाको प्रयोजन नखुलाई विभिन्न ७ घरधनीसँग सम्झौता गरी यो वर्ष रू. ५०१५७० घरभाडा भुक्तानी भएको नियम सम्मत नदेखिएकोले नियमित हुनुपर्ने रू.

अनियमित भएको	५,०१,५७०

५० स्टिमेट गरेको भन्दा फरक हुनेगरी निर्माण गराएकोः

निर्माण कार्यको सुरु लागत अनुमान गर्दा डिजाईन गरे अनुसार हुने गरी संरचना निर्माण गरिनु पर्दछ । पालिकाले सुरु सम्झौता गर्दा सब बेर ०.१ मिटरमा राख्ने र प्राईमकोट ०.६५ लिटर प्रति व.मि. मा राख्ने गरी डिजाईन गरेकोमा सो भन्दा फरक हुने गरी निर्माण गरेको पाईयो । सुरु Estimate भन्दा सबबेस बढी मोटाई हुने गरी ०.१२ मिटर मा निर्माण गरेको र प्राईमकोट ०.८० लि. प्रति वर्गमिटरमा रखेको अवस्थामा समेत भेरिएसन र प्राविधिक पुष्ट्याई बेगर निर्माण गरेको पाईयो । कार्यालयले सुरु सम्झौता भन्दा फरक र बढी हुने भएमा भेरिएसन गर्नु पर्नेमा कुनै निर्देशन बेगर यसरी पिरिमाण थप हुने गरी निर्माण गर्नु उपयुक्त नदेखिएकोले सुरु सम्झौता भन्दा बढी मोटाई र परिमाण हुने गरी निर्माण गर्नु र भुक्तानी दिनुको प्राविधिक पुष्ट्याई समेत नियमित हुनु पर्ने रु.

क्र. सं.	कामको विवरण	Estimate अनुसार को मोटाई/दर	वास्तविक काम भएको मोटाई/दर	Estimate भन्दा बढी मोटाई/दर	काम भएको क्षेत्रफल	बढी परिमाण	दर	रकम
१	सब बेस कार्य	०.१० मी.	०.१२ मी.	०.०२५	४४८८.५८	११२.२१	११००	१२३४३५.९५
२	प्राईम कोट	०.६५ लि.	०.८ लि.	०.२५	४३६५.६	१०९१.४०	१२०	१३०९६८
जम्मा रकम								२५४४०३.९५
मुल्य अभिबृद्धि कर								३३०७२.५१
कुल जम्मा								**२८७४७६.४६**

अनियमित भएको	२,८७,४७६.४६

५१ शिर्षक फरक पारी भुक्तानीः

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३(७) मा कार्यपालिकाले सभावाट स्विकृत सिमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न पाउने छैन भनी व्यवस्था गरेको छ। उक्त व्यवस्था अनुसार विनियोजित रकम सोही शिर्षक र प्रयोजनमा मात्र खर्च गर्नुपर्दछ। सोहि बमोजिम पालिकाले गाउँसभाबाट स्विकृत वार्षिक बजेटको परिधिभित्र रहि खर्च गर्नुपर्नेमा यस आर्थिक वर्षमा गाउँसभाबाट अनुमोदन नगराई “पारिश्रमिक कर्मचारी” शिर्षकबाट फरक शिर्षकमा खर्च गरेकाले नियमित हुनुपर्ने रू.

सि.नं	गोश्वारा भौचर-मिति	भुक्तानी पाउने	प्रयोजन	भुक्तानी रु.
१	८१०-०८२।०३।२२	ब्रम्हकुमारी इश्वरीय विश्वविद्यालय राजयोग प्रशिक्षण केन्द्र	सोफा, विद्युतीय सामान लगायतका सामान किन्न	११९०००
२	८५१-०८२।०३।२३	मिलिजुली कफी खेती कृषक समूह	कफी विरुवा खरिद, प्लास्टिक पोखरी, मल तराजु खरिद तथा ढुवानी	२७८७७३.९८
३	८१०-०८२।०३।२२	विनोद बानिया (स्वास्थ्य प्राविधिक)	उत्कृष्ट पशुपन्छी तथा मत्स्य विकाश शाखाले उत्कृष्ठ कृषक समूह सहकारी सम्मान तथा पुरस्कार	६००००
४	८१०-०८२।०३।२२	रोहित थापा	सुत्केरी स्याहार खर्च	५०००
कुल जम्मा				**४६२७७४**

अनियमित भएको	४,६२,७७४

५२ **टुक्रा खरिदः**

वन्दिपुर गाउँपालिकाको सार्वजनिक खरिद नियमावली २०७६ को नियम ९५ मा रू.५ लाख सम्म सोझै खरिद गर्न सकिने उल्लेख छ भने नियम २४ मा २० लाख सम्म लागत अनुमान भएको निर्माण कार्य सिलबन्दी दरभाउपत्रको सूचना दिई खरिद गर्नुपर्ने उल्लेख भएकोमा पालिकले वन्दिपुर अस्पतालको निम्नानुसार निर्माण कार्य लागत अनुमान टुक्रा पारी सोझै खरिद गरी भूक्तानी भएको रू.१७७४०७०.८३ नियमसम्मत नभएको रू.

सिंनं.	गो.भौ.नं./मिति	भुक्तानी पाउने	लागत अनुमान	सम्झौता रकम	अन्तिम मुल्याङ्कन भई भुक्तानी रू.	कैफियत
१	३३६-०८२/३/२३	शुभम निर्माण सेवा	९७०८४४.४५	९५५१८८.२	९२८०००	रङ्गरोकन कार्य
२	३५४-०८२/३/२३	तारकेश्वर कन्स्ट्रक्सन प्रा.ली.	९५२४४८.८६	९४२४८६.३३	८४६०७०.८३	टायल, झ्याल र ट्रस
		जम्मा	१९२३२९३.३१		१७७४०७१	

अनियमित भएको	१७,७४,०७०.८३

५३ **निर्माण व्यवसायीलाई पेश्कीः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ बमोजिम खरिद सम्झौतामा उल्लेख भएको व्यवस्था बमोजिम पेश्की दिन सकिने व्यवस्था छ। पालिकाले देहायका निर्माण व्यवसायीलाई उपलब्ध गराएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म निम्नानुसार फर्स्यौट हुन बाँकी देखिएको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावली र सार्वजनिक खरिद ऐन तथा नियमावलीको व्यवस्था पेश्की फर्स्यौट हुनुपर्दछ।

पेश्कीको विवरण	पेश्की लिने व्यक्ति फर्म वा कम्पनीको नाम	म्याद नाघेको पेश्की	म्याद ननाघेको पेश्की
१) निर्माण व्यवसायीको पेश्की			
रिमाल्नी भुँडाटार सडक योजना कालोपत्र	पारस निर्माण सेवा		११३०००
सेराटार रामकोट सडक योजना कालोपत्र			१८८०००
सातभञ्ज्याङ्ग घमलछाप तमुखोला सडक योजना कालोपत्र			२७६०००
४ नं. वडा कार्यालय भवन निर्माण	लामा ब्रदर्श कन्स्ट्रक्सन प्रा.ली.		८९८५१४
जम्मा		०	१४७५५१४

५४ **घटी मोटाईमा बेस गरेको:**

सडकको स्पेसिफिकेशनबमोजिम सबबेसको परिमाणको भुक्तानी गर्नुपर्दछ । पालिकाले बेलभञ्ज्याङ्ग वानियाटार तामुङ्ग सेराटार सडक निर्माण गर्न ०.१५ मिटर मोटाईमा बेस कोर्ष राख्ने गरी लागत अनुमान गरेकोमा सो भन्दा घटी हुने गरी ०.१२५ मिटर मोटाईमा मात्र काम गराई भुक्तानी गरेको देखियो । यस सडक खण्डको चे.नं. ०+७५० देखी ०+८०० मिटरको चेनेजमा मात्र तोकिए अनुसार ०.१५ मिटर मोटाईमा बेस राखी ४७.२७ घ.मी. नापी गरेकोमा सो बहेक अन्य खण्डमा तोकिए भन्दा घटी ०.१२५ मी. मोटाईमा मात्र बेस कोर्ष गरेको देखियो । कुल ८३४ मीछर लम्बाईमा ५५३.२५ घ.मी. बेस कोर्ष राखेकोमा चे.नं. ०+७५० देखी ०+८०० मा मात्र तोकिए अनुसार ०.१५ मी. मोटाईमा ४७.२७ घ.मी. बेस कोर्ष राखेको देखिदा सो चेनेज भन्दा अन्य चेनेजमा तोकिए अनुसार ०.१५ मी. मोटाई नपुर्‍याई ५०५.९८ (५५३.२५-४७.२७) घ.मी. को भुक्तानी गरेको देखियो । तोकिएको भन्दा घटी मोटाईमा कार्य गराउदा सडकको स्पेसिफिकेसनबमोजिम पेभमेण्टको कार्य समेत नहुँने र सोका कारण भार वहन क्षमता तथा सोको दिगोपनामा समेत असर पर्ने हुँदा प्राविधिक आधार बेगर घटी मोटाईमा कार्य गराएको उपयुक्त नदेखिएकोले चे.नं. ०+०० देखी ०.८३४ सम्म (०+७५० देखी ०+८०० भन्दा बाहेकको सडक खण्ड) मा राखेको ५०५.९८ घ.मी. को प्रति घ.मी. २५०० का दरले हुने रु. १२,६४,९५०.०० र सोको मुल्य अभिबृद्धि कर समेतको रु. १४,२९,२९३.५० भुक्तानीको लागत अनुमान तयार गर्दा तोकिएको मोटाईमा कार्य नगराउदा समेत गुणस्तरमा फरक नपर्ने प्राविधिक पुष्ट्याई सहित नियमित हुनु पर्ने रु.

अनियमित भएको	१४,२९,२९३.५

५५ दरवन्दी बाहिरको करार सेवाः

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ८३ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो कार्यबोझ,राजस्व क्षमता,खर्चको आकार,स्थानीय आवश्यकता र विशीष्टतालाई समेत ध्यानमा राखि संगठन संरचना कायम गर्नुपर्ने र स्वीकृत गराउनुपर्ने व्यवस्था रहेको छ। पालिकाले आफ्नो संगठन संरचना स्वीकृत गरी आवश्यक दरवन्दी कायम गरेको अवस्थामा समेत सो स्वीकृत दरवन्दीभन्दा बढी हुने गरी कर्मचारी भर्ना गरेको पाइयो।स्वीकृत संगठन संरचना अनुसारको कर्मचारी आवश्यकता अनुसार लोकसेवा आयोगवाट माग गरी पदपुर्ति गर्नु पर्नेमा सो अनुसार पदपुर्ति नहुन्जेल सम्म दरबन्दी भित्र करार सेवामा लिनु पर्नेमा दरवन्दी अनुसारको पदपुर्ति भै सकेको अवस्थामा समेत सो भन्दा बढी हुनेगरी कर्मचारी भर्ना गरी थप खर्च लेखेको देखिदा यसरी स्वीकृत दरबन्दी भन्दा बढी हुने गरी कर्मचारी भर्ना गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ । साथै यस सम्बन्धमा दरबन्दी बाहिरका देहाय अनुसारका कर्मचारीको तलब भत्ता भुक्तानी रकम रु. ९४७७७६ नियमित हुनु पर्ने रू.

क्र.सं.	कर्मचारीको नाम थर	पद	कार्यरत अवधी	पारिश्रमिक भुक्तानी (सा.सु. करसहित)
१	काशिनाथ भट्टराई	सहायक चौथो	मिति २०८१ कातिक ४	१३५९९४
२	चिजा गुरुङ	सहायक चौथो	मिति २०८१ कातिक ४	१३५९९४
३	बत्तु राना	सहायक चौथो	मिति २०८१ कातिक ४	१३५९९४
४	बन्दना लामा गुरुङ्ग	सहायक चौथो	मिति २०८१ कातिक ४	१३५९९४
५	समिक्षा थापा	सहायक चौथो	मिति २०८१ भाद्र मशान्त	९८७०६
६	रुपा गुरुङ	सहायक चौथो	मिति २०८१ भाद्र मशान्त	९८७०६
७	रेनुका कमर	कार्यालय सहयोगी	मिति २०८१ कातिक ४	१०३१९४
८	कञ्चन भूजेल	कार्यालय सहयोगी	मिति २०८१ कातिक ४	१०३१९४
जम्मा				९४७७७६

अनियमित भएको	९,४७,७७६

५६ कोल्डस्टोर निर्माणको भेरिएसनः

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४(१) बमोजिम खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ बमोजिमको कार्यविधि अपनाई भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था छ । पालिकाले ठेक्का नं २०७७/७८-०२ कोल्डस्टोर निर्माणको लागी फलामको कोलम र बिम रहने गरी डिजाईन गरी सो अनुसारनै १७०४१.४२ किलो ग्राम फलाम लाग्ने गरी लागत अनुमान गरेको पाईयो । डिजाईन गरिएको फलाममा ISMC 225mm, ISMC 200mm र ISMC 150mm 2 Channel Material रहने गरी सुरु डिजाईन गरी संघीय सरकारको विशरेष अनुदानबाट निर्माण गर्ने गरी मिति २०७७।१०।०७ मा सम्झौता गरेको पाईयो । सम्झौता अनुसार ६ महिना भित्र निर्माण सम्पन्न गर्ने गरी कार्यादेश दिईएकोमा ४ वर्ष १० महिना (लेखापरीक्षण अवधी २०८२ मंसिर २० सम्म) बिति सक्दा समेत निर्माण सम्पन्न भएको देखिएन । निर्माण व्यवसायीले पटक पटक म्याद थपको लागी निवेदन पेश गर्दा कुल निर्माणमा ७० प्रतिशत भन्दा बढी फलाम रहेको र सो को मुल्य ५० प्रतिशत भन्दा बढीले बढ्न गएको, पेश्की भुक्तानी नपाएको र यसका साथै पालिका सँग भएका अन्य ठेक्काको भुक्तानी समयमा नपाएको कारण निर्माण कार्यमा ढिलाई भएकोले म्याद थप गरिदिन अनुरोध गर्दै निवेदन पेश गरेको र सो का आधारमा पालिकाले म्याद थप गर्दै मिति २०८२ मंसिर मसान्त सम्म अन्तिम पटक म्याद थप गरेको देखियो । निर्माण व्यवसायीले मिति २०८२।०१।३० मा बि.ओ.क्यू. को १२ नं बुदामा रहेको ISMC 225mm फलाम बजारमा उपलब्ध नभएको तर ISMC 200mm र ISMC 250mm Material उपलब्ध भएको हुदा भवनको डिजाईन परिवर्तन गर्न पोलार ईन्जिनियरिङ्ग कन्सल्टेन्सीलाई अनुमति दिन अनुरोध गरेकोमा बजारमा सो सामाग्री उपलब्ध रहे नरहेको तेस्रो पक्ष पुष्टि नगरी निर्माण व्यवसायीको निवेदनकै आधारमा कार्यपालिकाको मिति २०८२।०२।१२ को बैठकबाट निज परामर्शदातालाई स्वीकृति दिने र निजले पेश गरेको नया डिजाईनलाई मिति २०८२।०३।०३ को बैठकबाट स्वीकृत गर्ने निर्णय गरेको पाईयो । परामर्शदाताले ISMC 225mm को स्थानमा ISMC 200mm र ISMC 200mm को स्थानमा ISMC 150mm राखी नयाँ डिजाईन गरेको पाईयो । खास गरी ISMC 225mm र ISMC 200mm को Depth बढी हुने र सोको Load Bearing Capacity बढि हुने भएकोले ठुलो संरचना निर्माण गर्न यसको प्रयोग गर्ने गरी सुरु डिजाईन गरेकोमा सो भन्दा घटी क्षमताको फलाम पर्योग गर्ने गरी डिजाईन परिवर्तन गर्नु प्राविधिक रुपमा समेत स्वीकार्य देखिँदैन। एक मिटर लम्बाईमा ISMC 225mm भन्दा ISMC 200mm Chhanel मा ३.८ कि.ग्रा. घटी र ISMC 200mm भन्दा ISMC 150mm मा ५.५ कि.ग्रा. तौल घटी हुदा समेत कम Depth को Chhanel प्रयोग गर्ने गरी डिजाईन गर्दा समेत कुल परिमाणमा कुनै परिवर्तन भएको देखिएन । सुरु सम्झौता भन्दा घटी Depth को फलाम प्रयोग गर्दा स्वभावैले घटी परिमाणमा फलाम प्रयोग हुनु पर्नेमा सो नभै सरू सम्झौता परमाण अनुसारनै फलाम प्रयोग भएको र घटी Depth को फलाममा Load Bearing Capacity समेत सुरु सम्झौता भन्दा कम हुने भएकोले ISMC 225mm को स्थानमा ISMC 200mm र ISMC 200mm को स्थानमा ISMC 150mm राख्ने गरी नया डिजाईन गरी भेरिएसन गरी कायम परिमाण १७,०३७.४४ किलोग्रमा फलाम सुरु सम्झौता दर १३०.०० प्रति किलोग्रमा नै हुने गरी कायम भएको रकम रु. २२,१४,८६७.२० को मुल्य अभिबृद्धि कर समेत हुने रु. २५,०२,७९९.९४ को सम्बन्धमा सिफारिस गर्ने परामर्शदाता, निर्माण व्यावसायी र स्वीकृत गर्ने कार्यमा संलग्नलाई जिम्मेवार बनाई नियमित हुनुपर्ने रू.

Size(mm)	Tolerance on Depth ± 2.5 mm	Tolerance on Flange ± 2 mm	Flange Thickness	Web Thickness	Weight Kg/ Mtr Toleran 2.5%
ISMC75	75 mm	40 mm	7.50 mm	4.80 mm	7.140
ISMC100	100 mm	50 mm	7.70 mm	5.00 mm	9.560
LC75	75 mm	40 mm	6.00 mm	3.70 mm	5.700
LC100	100 mm	50 mm	6.40 mm	4.00 mm	7.900
ISMC125	125 mm	65 mm	8.20 mm	5.30 mm	13.100
ISMC150	150 mm	75 mm	9.00 mm	5.70 mm	16.800
ISMC175	175 mm	75 mm	10.20 mm	6.00 mm	19.600
ISMC200	200 mm	75 mm	11.40 mm	6.20 mm	22.300
ISMC225	225 mm	80 mm	12.40 mm	6.50 mm	26.100
ISMC250	250 mm	80 mm	14.10 mm	7.20 mm	30.600

सुरु सम्झौतामा ISMC 225mm र ISMC 200mm रहेको Chhanel लाई परिवर्त गरी ISMC 200mm र ISMC 150mm क्रमशः बनाईएको र ISMC 225mm भन्दा ISMC 200mm को तौल एक मिटरमा ३.८ कि.ग्रा. घटी र ISMC 200mm भन्दा ISMC 150mm को तौल ५.५ कि.ग्रा.घटी हुने अवस्थामा समेत कुल परिमाण सुरु सम्झौता अनुसारनै राखेको ।

अनियमित भएको	२५,०२,८००

५७ **बढी पेश्की भुक्तानीमा व्याजः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ र खरिद सम्झौताबमोजिम पेश्की रकम खाम्ने गरी बैंक जमानत लिई पेश्की दिदा पेश्की जनाई बजेट खर्च लेख्नुपर्दछ । कार्यालयले निर्माण व्यवसायीलाई पेश्की भुक्तानी गर्दा मुल्य अभिबृद्धि कर र पि.एस. बाहेक हुने सम्झौता रकमको सोही सम्झौतामा ब्यवस्था गरेको प्रतिशत अनुसार हुने गरी भुक्तानी गर्नु पर्दछ । कार्यालयले पेश्की रकम भुक्तानी गर्दा मुल्य अभिबृद्धि कर र पि.एस. समेत हुने सम्झौता रकम तथा सम्झौतामा तोकिएको प्रतिशत भन्दा बढी हुने प्रतिशतले हुने गरी पेश्की भुक्तानी गरेको पाईयो । यस आर्थिक वर्षको अन्त सम्ममा पेश्की फर्स्यौट गरिए तापनि सम्झौतामा व्यवस्था गरे भन्दा बढी हुने गरी भएको देहाय अनुसारको बढी भुक्तानी भएको पेश्की रकममा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ बमोजिम वार्षिक १० प्रतिशतले हुने व्याज सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु.

क.सं.	निर्माण व्यवसायी	सम्झौता रकम (मु.अ.क. बाहेक)	सम्झौता अनुसार पेश्की	भुक्तानी पेश्की	बढी पेश्की	अवधी	व्याज
१	छिम्केश्वरी रेडिमिक्स एण्ड कन्क्रिटिङ्ग प्रा.लि. (बन्दिपुर खहरे सेराटार सडक)	९४९१९०६	१८९८००० (सम्झौताको २० प्रतिशत)	२१३६०००	२३८०००	४ महिना	७९३३
२	धर्मा एस कास्याप जे.भी. (मुकुन्देश्वरी पदमार्ग)	३०२८२७७०	३०२८००० सम्झौताको १० प्रतिशत)	७३८५०००	४३५७०००	१३ महिना (जमानत जफत अवधी)	४७२००८
जम्मा							४७९९४१

असुल गर्नुपर्ने	४,७९,९४१

५८ **गाउँपालिकालाई थप व्ययभारः**

कार्यालयले निर्माण कार्यको भुक्तानी गर्दा बजेटको सुनिश्चित्ता गरिएको श्रोतबाट मात्र भुक्तानी गर्नु पर्दछ । यस पालिकाले संघीय तथा गण्डकी प्रदेश सरकारबाट समपुरक तर्फको अनुदानबाट खर्च व्यहोर्ने गरी खरिद सम्झौता गरेकोमा सम्झौता अनुसार तोकिएको समयमा निर्माण कार्य सम्पन्न हुन नसकी म्याद थप गर्दा संघीय सरकार र प्रदेश सरकाले प्रतिवद्धता गरेको रकम खर्च नभई सम्बन्धित कोषमै फिर्ता भएको र सम्झौता गरिएका आयोजनाको भुक्तानी गर्न बाँकी रहेको सम्पुर्ण रकमको ५० देखी ८० प्रतिशत रकम पालिकालाई थप व्ययभार परेको पाईयो । पालिकाले निर्माण कार्यको म्याद थप गर्दा सो म्याद थपबाट पालिकालाई पर्ने आर्थिक दायित्व एकिन गरि म्याद थपको निर्णय गर्नु पर्नेमा सो गरेको देखिएन । आर्थिक वर्षको अन्तमा सम्झौता गर्ने र निर्माण व्यवसायीले तोकिएको समयमा निर्माण कार्य नगर्दा संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त बजेटमा निर्माण हुने आयोजनाको दायित्व समेत पालिकाले नै व्यहोर्नु परेको देखियो । पालिकाले देहाय अनुसारका निर्माण कार्यको खरिद सम्झौतामा संघ तथा गण्डकी प्रदेश सरकारको समपुरक वा विषेश अनुदान तर्फको बजेट आर्थिक वर्षको अन्तमा फ्रिज भई फिर्ता गए पश्चात पालिकाकै आन्तरिक स्रोतबाट सम्पुर्ण रकम भुक्तानी गरेको हुदा भुक्तानी भएको रकम पालिकालाई थप व्ययभार पारेको रु.

योजनाको नाम	अनुदानको हिस्सा	कुल भुक्तानी रकम यस आ.व. मा	प्राप्त हुनु पर्ने अनुदानको हिस्सा	अनुदानबाट प्राप्त रकम	पालिकालाई थप व्ययभार परेको
प्रहरी चौकी देखी टुडिखेल सडक	सडक बोर्ड (८०%)	३२०६८७०	२५६५४९६.२१	११२६९४९	१४३८५४७.२
Stone Trail work (ठे.नं. २०८०।८१-०७)	मुख्य मन्त्री नव प्रवर्द्धन प्रदेश सरकार (७५%)	३३५७१२५.२६	२५१७८४३.९५	१८०४३७२.९१	७१३४७१.०४
धरमपानी सडक	संघीय समपुरक (५०%)	६३३३५२७.९९	३१६६७६४	०	३१६६७६४
बन्दीपुर खहरे सेराटार सडक	संघीय समपुरक (५०%)	१२९८०००	६४९०००	०	६४९०००
जम्मा		१४१९५५२४	८८९९१०४.१५	२९३१३२२	५९६७७८२.२

अनियमित भएको	५९,६७,७८२

५९ **स्थलगत अवलोकनः**

कोल्ड स्टोर निर्माण कार्य फलाम राखी संरचना निर्माण गर्ने कार्य सम्म पुगेको देखियो । कोल्डस्टोर निर्माण पश्चात सो भवनमा रहने उपकरणको सम्बन्धमा अझै टुंगो लगाएको देखिएन । भेरिएसन पश्चात फलामको डिजाईन परिवर्त गरी संरचना निर्माण कार्य अन्तिम चरणमा पुगे पनि सो मा रहने मेसिन उपकरणको सम्बन्धमा अझै टुंगो नलाग्दा निर्माण भएको भवन उपयोग विहिन हुने अवस्था देखिन्छ ।

६० **कालो सूचीमा राखि ठेक्का अन्त्यः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौता वमोजिम कार्य शुरु नगरेमा, काम शुरु गरी बिचैमा छोडेमा वा सम्झौता वमोजिम कामको प्रगति नगरेमा त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्ने त्यस अवस्थामा सो वापत राखेको जमानत रकम पुरै जफत हुने र सम्झौता अन्त्य भएको कारणले सम्झौता वमोजिम बाँकी रहेकको कार्य पुरा गर्न जे जति रकम आवस्यक पर्छ सो रकम त्यसरी सम्झौता वमोजिम कार्य नगर्ने वोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल गरि सोही ऐनको दफा ६३ बमोजिम कालोसुचिमा राख्नु पर्ने उल्लेख छ । साथै कार्यालयले यस योजनाको लागी तयार गरेको विड डकुमेन्टको GCC 75.3 मा समेत “If the contract is terminated because of fundamental breach of contract or for any fault by the contractor the prtformane security shall be forfeited by the employer and to complete the remaining work as per the contract shall be recorved from the contractor as Government dues” भनी उल्लेख गरेको पाईयो । कार्यालयले निर्णय गरेको रकम देहाय अनुसार निर्माण व्यवसायीबाट सरकारी बाँकी सरह असुल उपर गर्न सम्बन्धित निकायमा लगत कस्नु पर्ने रु.

सि.नं.	ठेक्का नम्बर	निर्माण व्यवसायी	दायित्व	स्वीकृत मिति	कैफियत
१	२०७५/७६-२७	खड्गदेवी कन्स्ट्रक्शन, तनहुँ ।	२४७९९५१.१	२०८१।११।०६ मा १ वर्षको लागी कालो सूचिमा राखिएको ।	वडा नं २ कार्यलय भवन निर्माण गर्न निर्माण व्यवसायी बन्दिपुर मुलपानी बिल्डर्ससँग रु. २४७९९५१.०० मा सम्झौता गरी कार्य गरइएको ।
२	२०७६/७७-११		२९५८८२०.७४		
जम्मा			५४३८७७१.९		

असुल गर्नुपर्ने	५४,३८,७७२

६१ **कालोसुचिमा राखिएका निर्माण व्यवसायीको जमानत जफतः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(८) मा कालोसुचिमा राख्ने गरि सम्झौता अन्त्य भएमा सो काम वापत राखिएको पुरै जमानत जफत गरिने व्यवस्था गरेको छ । साथै कार्यालयले यस योजनाको लागी तयार गरेको विड डकुमेन्टको GCC 75.3 मा समेत “If the contract is terminated because of fundamental breach of contract or for any fault by the contractor the performance security shall be forfeited by the employer” भनी उल्लेख गरेको पाईयो । कार्यालयले बैंक जमानतको म्याद समाप्त हुनु अगावै सो को म्याद थप गर्ने व्यवस्था मिलाई म्याद थप गर्नुका साथै कालोसूचिमा राख्ने निर्णय गर्दा सो जमानत अनुसारको रकम सम्बन्धित बैंकबाट असुल गर्नु पर्नेमा कालोसूचिमा राख्दा बैंक जमानत वापतको रकम असुल गरी संचितकोष दाखिला गरेको देखिएन । कार्यालयले देहाय अनुसार निर्माण व्यवसायीलाई कालोसूचिमा राख्ने गरि ठेक्का अन्त्य गरेकोमा सो वापत राखेको कार्य सम्पादन जमानतको रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल गरि राजश्व दाखिला गर्नु पर्ने रु.

सि.नं.	ठेक्का नम्बर	निर्माण व्यवसायीको नाम	PB रकम	PPMO ले कालोसुचिमा राखेको मिति	जमातनको म्याद समाप्ती
१	२०७५। ७६-२७	खड्गदेवी कन्स्ट्रक्शन, तनहुँ।	१४२५५००	२०८१।११।०६ मा १ वर्षको लागी कालो सूचिमा राखिएको।	२०२२ जुन १४
२	२०७६। ७७-११		८५९०००		२०२२ अप्रिल १४
जम्मा			२२८४५००		

असुल गर्नुपर्ने	२२,८४,५००

६२ बार्षिक मर्मत शुल्कः

कार्यालयले खर्च गर्दा मितव्ययी र नतिजामुलक क्षेत्रमा खर्च गर्नु पर्दछ । कार्यालयले वडा नं १ मा डिजिटल नागरिक वडा पत्र जडान गर्न मुनसाईन टेक्नोलोजी, सिमरा, बारा सँग जडानको समयमा रु. १,६०,०००.०० तिर्ने र सो पश्चात प्रत्येक वर्ष रु. ३०,०००.०० भुक्तानी गर्ने गरी बार्षिक मर्मत शुल्क तिर्ने गरी मिति २०८०।०७।२४ मा खरिद सम्झौता गरेको पाईयो । साथै वडा नं १ मै डिजिटल वडा प्रोफाईल बनाउनको लागी सम्झौताका बखत रु. २९८८८५.०० भुक्तानी गर्ने र सो पश्चात प्रत्येक वर्ष सम्झौता रकमको १५ प्रतिशत वार्षिक मर्मत शुल्क तिर्ने गरी 4G Engineering सँग मिति २०८०।०७।१८ मा सम्झौता गरेको पाईयो । डिजिटल नागरीक वडापत्र संचालन गर्न सेवाग्राहीले लिन चाहेको सेवा रहेको नम्बर थिचेर आवश्यक निर्देशन दिए अनुसार सेवा लिनु पर्ने प्रणाली जडान गरेकोमा सो प्रणालीको सम्बन्धमा सर्वसाधरणलाई जानकारी दिने गरी डिजिटल शिक्षा पालिकाले दिएको देखिएन । पालिकाले यसरी प्रणाली जडान गरी बार्षिक मर्मत शुल्क भुक्तानी गर्ने गरी भएको सम्झौताले पालिकालाई थप व्ययभार पारेको देखियो । साथै वडामा जडान गरिएको डिजिटल प्रोफाईल निर्माण गर्ने प्रणालीले समेत के कति डाटा संकलन गरेको छ, सो डाटाको सुरक्षा कसरी गर्ने, सो प्रणालीमा संचित गरिएका डाटा कुन कुन प्रयोजनमा उपयोग गर्न सकिन्छ भन्ने स्पष्ट व्यवस्था नगरी प्रणाली जडान गरी देहाय अनुसार भुक्तानी भएको खर्च नियम सम्मत नदेखिएकोले नियमित हुनुपर्ने रु.

गो.भौ.नं./मिति	परामर्शदाताको नाम	प्रयोजन	सम्झौता मिति	भुक्तानी
६६८-०८२/३/११	फोर जी. इन्जिनियरिङ्ग	डिजिटल वडा प्रोफाइल	०७/१८/२०८०	४२६९०.२९
७९०-०८२/३/३१	मुन साइन टेक्नोलोजी	डिजिटल नागरिक वडापत्र	०७/२४/२०८०	३००००.
	जम्मा			७२६९०.२९

अनियमित भएको	७२,६९०.२९

६३ सहकारी संस्थालाई पुँजीगत सहायताः

पालिकाले बजेट विनियोजन गर्दा स्थानीय श्रम र सीपमा आधारित रोजगारमुखी र आयआर्जन हुने प्रकृतिको कार्यक्रमहरुमा स्रोत परिचालन गर्नुपर्नेमा नाफामूलक संस्थाको रुपमा सञ्चालित स्थानीय सुर्योदय दुग्ध उत्पादक सहकारी, बेलभञ्ज्याङ्गलाई छनौटको आधार र मापदण्ड बेगर रु. २ लाख पुँजीगत सहायता प्रदान गरेको पाईयो । पालिकाले पेश गरेको स्रेस्तामा उपलब्ध अभिलेख अनुसार उक्त सहकारीको पुँजी वृद्धिबाट आम नागरिकले पाउने सहुलियत र सुविधा सम्बन्धमा कुनै पनि विवरण संलग्न छैन । भविष्यमा उक्त संस्था खारेजीमा परेमा वा विघटन भएमा पालिकाको प्रदान गरेको पुँजिगत अनुदानबाट निर्माण गरिएको संरचना वा खरिद गरिएका मेसिन उपकरणको स्वामित्व सम्बन्धमा स्पष्ट निर्णय र सम्झौता बेगर यसरी नाफामूलक संस्थालाई पुँजीगत सहायता बापत भुक्तानी गरेको नियमसम्मत देखिदैन । आगामी दिनमा यस प्रकारको भुक्तानीमा नियन्त्रण हुनुपर्ने साथै निर्मित संरचनाको स्वामित्वको अधिकार पालिकाको हुने सम्बन्धमा स्पष्ट व्यवस्था भएको प्रमाण सहित नियमित हुनुपर्ने रु.

अनियमित भएको	२,००,०००

६४ जिन्सी दाखिला प्रतिवेदनः

गण्डकी प्रदेश आर्थिक कार्यविधी तथा नियमावली, २०७९ को नियम ३६ मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल, भरपाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था छ।कार्यालयले गो.भौ.नं. ७६७ मिति २०८१/०३/१९ मा गाउँपालिकाबाट विनियोजित बजेटबाट बन्दिपुर क्याम्पसले आफुलाई आवश्यक पर्ने १ थान ल्यापटप,१ थान प्रिन्टर,१ थान अफिस दराज,१ थान अफिस टेवल लगायत ११ थान स्टिल चियर नारायणी फर्निचर सेन्टरवाट खरिद गरी रू.२००००० पालिकावाट सोधभर्ना भुक्तानी लिएकोमा सम्बन्धित क्याम्पसले खरिद भएको फर्निचरजन्य सामाग्री आफ्नो जिन्सी खातामा दाखिला गरेको देखिएन।जिन्सी खातामा प्रविष्ट नगरी पुँजीगत सामग्री खरिद बापतको भुक्तानी दिएको नियमसम्मत नदेखिएकोले नियमित हुनुपर्ने रु.

अनियमित भएको	२,००,०००

६५ **भुक्तानी दिन बाँकीको खाता तथा कच्चाबारी प्रमाणित बेगर भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २५ अनुसार महालेखा नियन्त्रक कार्यालयबाट तर्जुमा भई महालेखापरीक्षकबाट स्वीकृत लेखाको ढाँचा र आर्थिक सङ्केत तथा वर्गीकरण बमोजिम सरकारी कारोबारको लेखा राख्नुपर्दछ। सरकारी कार्यालयले चालु आर्थिक वर्षमा सिर्जना भएको भुक्तानी दिन बाँकीको जिम्मेवारी आगामी वर्षमा सार्ने प्रयोजनको लागि महालेखारीक्षकको फाराम नं. २२१ को भुक्तानी दिन बाँकीको (खाता तथा कच्चाबारी) प्रमाणित विवरण संलग्न हुनुपर्नेमा कार्यालयले सो बेगर निम्न भौचरबाट भुक्तानी दिन बाँकी रकम रु. ६९९०० भुक्तानी गरेको पाइयो। यसरी नियमानुसार प्रमाणित भुक्तानी दिन बाँकीको खाता तथा कच्चाबारी बेगर गत वर्षको दायित्व बापत भुक्तानी भएको नियमसम्मत नदेखिएकोले नियमित हुनुपर्ने रु.

क्र.सं.	गो.भौ.नं./मिति	प्रयोजन	भुक्तानी पाउने	रकम
१	९२-२०८१/०६/२१	८०/८१ ज्येष्ठ र असार महिनाको घरभाडा	नम्रता थापा मगर	२२०००
२	१०७-०८१/०६/२२	मसलन्द तथा कार्यालय सामाग्री	अमिशा स्टेशनरी एण्ड गिफ्ट हाउस	११९००
३	५३-०८२/०१/३१	मिति २०८०/०९/०६ देखी २०८१ असार मसान्त सम्म १८ पटक सेवा प्रदान गरे वापत तलव भुक्तानी	डा.शेखर कायस्त	३६०००
	जम्मा			६९९००

अनियमित भएको	६९,९००

६६ **निरिक्षण प्रतिवेदनः**

(✂ ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **८८४,५९१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

अनियमित भएको	०

६७ **विद्युत जरिवाना भुक्तानीः**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुँदा नं. ३८ मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुले समेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ।पालिकाले विद्युत प्राधिकरणबाट प्राप्त भएका बिलहरूको समयमा नै भुक्तानी गरी छुट प्राप्त गर्नुपर्नेमा पालिका तथा वडाकार्यालयको विद्युत महशुल भुक्तानी गर्दा म्याद समाप्त भएपछी ५%,१०% र २५% सम्म जरिवाना समेत भुक्तानी गरेको रू. ३२८८४ नियमसम्मत नदेखिएको रु.

गो.भौ.नं/मिति	वास्तविक विल	जरिवाना
[३८३ - ०८१।११।२०]	३८८८	९७२
[५१३ - ०८२।०१।१४]	१२७६४८	३१९१२
जम्मा		३२८८४

अनियमित भएको	३२,८८४

६८ **सम्झौता र कार्यदिश बेगर भुक्तानीः**

बन्दिपुर गाउँपालिकाको सार्वजनिक खरिद नियमावली २०७६ को नियम २३ मा उक्त नियमको अनुसुची ८ मा उल्लेखित १० प्रकारका सम्झौता मध्ये कुनै एक सम्झौता गर्न सक्ने व्यहोरा उल्लेख छ। तर नियममा उल्लेख गरे बमोजिम कुनै प्रकारको सम्झौता र कार्यादिश वेगर कार्यालयबाट निम्न निर्माण व्यवसायीलाई विभिन्न मितिमा कार्य गरेको भनी भुक्तानी गरेको पाइयो। सम्झौता र कार्यदेश वेगर भुक्तानी हुँदा सार्वजनिक खरिद नियमावलीको पालना भएको नदेखिएकोले निर्माण व्यवसायीलाई दिएको कार्यदेशको प्रमाण सहित नियमित हुनुपर्ने रू.

सि.नं	गो.भौ. र मिति	भुक्तानी पाउने	प्रयोजन	भुक्तानी रु.
१	२६१-०८१/०९/२५	वन्दिपुर मिनि ग्रेटवाल कन्सट्रक्सन कन्सक्ट्रन एण्ड सप्लायर्स प्रा.ली.	वडा नं. १ अवरुद्ध सडक खुलाउने	८८१२५.२४
२	१३३-०८१/०७/०७		वडा नं. ४ बाटो सफा गर्ने	९३८००
३	१०२-०८१/०६/२२		वडा नं. २ पहिरो हटाउने कार्य	९८०००
४	२६०-०८१/०९/२५		वडा नं.१ बाटो खुलाउने कार्य	८४३१४.२७
५	२५९-०८१/०९/२५		वडा नं. १ बाटो खुलाउने कार्य	७९६६२
६	१८४-०८१/०८/१३		वडा नं. १ पहिरो, नाली सफा गर्ने, खाल्डा खुल्डी पुर्ने	९६१६७.८
७	१४८-०८१/०७/१३	डि.एन. वन्दिपुर कन्सट्रक्सन एण्ड सप्लायर्स	वडा नं. ६पहिरो खुलाउने	९८५०७.४१
८	१०८-०८१/०६/२२	धर्मवती कन्सट्रक्सन एण्ड विल्डर्स प्रा.ली.	वडा नं. ५ अवरोध बाटो खुलाउने	९३६७३
	जम्मा			७३२२४९.७२

अनियमित भएको	७,३२,२४९.७२

६९ **मुकुन्देश्वरी पदमार्गको निर्माण कार्यमा ढिलाईः**

सम्झौताका शर्त अनुसार असामान्य परिस्थिति बाहेक सम्झौतामा तोकिएको समयावधी भित्र निर्माण कार्य सम्पन्न हुनु पर्दछ। यस कार्यालयले मुकुन्देश्वरी पदमार्ग/मिनी ग्रेटवाल निर्माण गर्न निर्माण व्यवसायी धर्मा एस/ कास्यप जे.भी. सँग आर्थिक वर्ष २०७८।७९ मा १८ मिहिना भित्र निर्माण सम्पन्न गर्ने गरी मिति २०७८।०६।१२ मा रु. ३६९३४५३०.१० मा सम्झौता गरी कार्यादिश दिएकोमा तीन वर्ष व्यतित हुदा समेत निर्माण सम्पन्न हुन सकेको देखिएन। निर्माण व्यवसायीले सम्झौता पश्चात तीन वर्ष व्यतित हुदा सम्म देहाय अनुसारको काम गरी पाँच वटा रनिङ्ग बिलबाट रु. ९८४६८३२.४२ भुक्तानी लिएको पाईयो। संघीय सरकारको पर्यटन तथा नागरीक उड्डयन मन्त्रालयको ७० प्रतिशत र गाउँपालिकाको ३० प्रतिशत लगानी हुने गरी साँझेदारीमा कार्य गर्ने गरी काम सुरु गरेकोमा मन्त्रालयले दिएको अवधीमा तोकिए अनुसारको कार्य प्रगती पुर्‍याउन नसकेको कारण संघीय सरकारबाट प्राप्त हुने अनुदान प्राप्त हुन नसकेको देखियो। निर्माण व्यवसायीले यस आर्थिक वर्ष सम्म गरेको कामको प्रगति देहाय अनुसार रहेको छ।

क्र.सं.	आईटमहरु	सम्झौता परिमाण	काम भएको परिमाण	दर	रकम
१	Clearing and Grumbing Land	११२५	४६२	५०	२३१००
२	Earth work Exacavation	१०३०	३४९.६१	२००	६९९२२
३	Stone Masonary	१२६६	५३२.१९	७०००	३७२५३३०
४	Stone Solling	२५७.५	१४८.१६	२५००	३७०४००
५	Pcc M15	३२८.१२	८३.७९	११०००	९२१६९०
६	25mm stone slab on floor	३०००	८४३.२९	१३००	१०९६२७७
७	12.5 stone slab on prepared base	६३००	१३९०.२२	१८००	२५०२३९६
८	Ps Item	१	१	५०००	५०००
हाल सम्म भएको काम					८७१४११५
मुल्य अभिबृद्धि कर र पिएस समेतको काम भएको रकम					९८४६९४९.९५
सम्झौता अनुसार हुनुपर्ने काम					३६९३४५३०.१
२०८२ असोज मसान्त सम्म गर्न बाँकी काम					२७०८७५८०.१५

निर्माण व्यवसायीले सम्झौता अनुसारको रु. २७०८७५८०.१५ को कार्य गर्न बाँकी नै देखिदा सम्झौताको शर्त अनुसार कार्य प्रगति हुन सकेको अवस्था छैन। पालिकाले सम्झौता अनुसार कुल रकमको ३० प्रतिशत अथवा रु. ११०८०३५९.०३ रकम योगदान गर्नु पर्नेमा हाल सम्म भएको काम रु. ९८४६९४९.९५ रकम पुरै स्थानीय तहबाटै भुक्तानी भएको पाईयो। कार्यालयको अभिलेख अनुसार मिति २०८२।०५।२२ मा निर्माण व्यवसायीले छैटौँ रनिङ्ग बिल माग गरेको निवेदन दर्ता गराएकोमा कार्यालयले च.नं. ४६६ मिति २०८२।०६।२६ बाट तोकिएको गुणस्तरमा कार्य नगरेकोले भुक्तानी गर्न नसकिने जानकारी गरी पत्राचार गरेको पाईयो। सम्झौताको शर्त अनुसार कायम गर्नु पर्ने न्युनतम गुणस्तरको मापदण्ड कायम नगरी निर्माण भएका संरचनाको अनुगमन गरी गुणस्तर कायम भएको सम्बन्धमा विस्वस्त हुनु पर्दछ साथै गुणस्तरीय कार्य गरेको नपाईएमा सम्झौता अनुसार निर्माण व्यवसायीलाई कारवाही समेत गर्ने तर्फ ध्यान दिनु पर्दछ। सम्झौता भएको तीन वर्ष बिति सक्दा समेत केवल २६.६६ प्रतिशत मात्र कार्य प्रगति भएको र सो पश्चात कार्य नगरेमा हाल सम्म भएको लगानी समेत खेर जाने देखिदा संघीय सरकारले यस आयोजनामा आगामी दिनमा लगानी लगाउने वा नलगाउने बारेमा स्पष्ट निर्णयगरी सोही अनुसार सार्वजनिक खरिद कानुन तथा सम्झौताका शर्त अनुसार खरिद सम्झौताको टुंगो लगाईनु पर्दछ।

७० **कार्यक्षेत्रगत शर्तको पालना बेगर भुक्तानीः**

अलाना इन्टरनेशनल सर्विसेस प्रा.ली. सँग राजस्व सम्भाव्यता अध्ययनको लागि भएको सम्झौताको शर्त नं. ३ मा वडास्तरीय छलफल गर्नुपर्ने उल्लेख भएकोमा सम्झौता बमोजिम उक्त छलफल भएको प्रमाण संलग्न वेगर दिएको प्रतिवेदनको आधारमा गोश्वारा भौचर नं. ३५७-२०८२/०३/२३ बाट रु. १९३५६९ भुक्तानी भएको पाईयो। परामर्शदाताले सम्झौता साथ संलग्न कार्यक्षेत्रगत शर्त (TOR) वमोजिमको प्रक्रिया पुरा नगरीकन दिएको प्रतिवेदन स्वीकार भई भुक्तानी हुदा सम्झौताको शर्त पालना भएको नदेखिएकोले उक्त प्रतिवेदनमा उल्लिखित सुझावहरु कार्यक्षेत्रको वास्तविक अध्ययनवाट पहिचान भएको भनी आश्वस्त हुन सकिएन। तसर्थ कार्यक्षेत्रगत शर्त (TOR) वमोजिम वडाहरुमा छलफल गराई प्रतिवेदन तयार गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	१,९३,५९६

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : बन्दिपुर गाउँपालिका, तनहुँ , बन्दीपुर गाउँपालिका , तनहुँ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
लेखा प्रमुख	श्री कृष्ण प्रसाद बसौला	२०७७-४-१	२०८२-०३-२४

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
८,५७९,६२५.६	२१,४७४,३४४.८	२,१२८,६००.७७	०	०	०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	३२,१८२,५७१.१७
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	१,५९८,५८७.५
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	३०,५८३,९८३.६७

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२१४०७३७२२.०१	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	२९५१४५६९१.९७	चालु खर्च	२६१७७८६८६.८२
प्रदेश सरकारबाट अनुदान	१७६१७०००	पूँजीगत खर्च	१४५०५९७००
राजश्व बाँडफाँट	८४३६०५२६.५२	वित्तीय/अन्य व्यवस्था	१५००२६२१६.०१
आन्तरिक आय	२२१०२२७८.५१		
अन्य आय	१३०५४९१९६		
कुल आय	५४९७७४६९३.००	कुल खर्च	५५६८६४६०२.८३
बाँकी मौज्दात		२०६९८३८१२.१८	

अनुसूची - २

बेरूजु दफा २.२ सँग सम्बन्धित विवरण - अनुसूची - ३

बन्दीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, तनहुँ
कार्यालयको कोड : ८०४३८५०५३००

म.ले.प.फा.नं.
२७०-०१

वित्तीय प्रतिवेदन

आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१ - २०८२/०३/३२

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)

क्र.सं./आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.व.को कारोबार			गत आ.व. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		९,७६,१५,७३७.६४	०.००	९,७६,१५,७३७.६४	९,२७,२४,६६८.१४	०.००	९,२७,२४,६६८.१४
१३०००	अनुदान		२८,१७,०६,३५६.०९	०.००	२८,१७,०६,३५६.०९	२८,७७,१२,४२३.४९	०.००	२८,७७,१२,४२३.४९
१४०००	अन्य राजस्व		१,७०,५७,०३७.५७	०.००	१,७०,५७,०३७.५७	२,१४,५३,६५९.४८	०.००	२,१४,५३,६५९.४८
१५०००	विविध प्राप्ति		२२,३६,९३५.८८	०.००	२२,३६,९३५.८८	४१,५६७.००	०.००	४१,५६७.००
क	**कुल जम्मा प्राप्ति**		३९,८६,१६,०६७.९८		३९,८६,१६,०६७.९८	४०,१९,३२,३१८.११		४०,१९,३२,३१८.११
३	चालु		२६,१७,७८,६८६.८२	०.००	२६,१७,७८,६८६.८२	२७,३५,८८,५३४.९४	०.००	२७,३५,८८,५३४.९४
२१०००	पारिश्रमिक / सुविधा		१७,२७,८२,०४९.५७	०.००	१७,२७,८२,०४९.५७	१९,४४,६१,८०४.२९	०.००	१९,४४,६१,८०४.२९
२२०००	मालसामान तथा सेवाको उपयोग		७,३४,२६,३३९.८०	०.००	७,३४,२६,३३९.८०	५,८३,८३,६९६.२९	०.००	५,८३,८३,६९६.२९
२५०००	सहायता (Subsidy)		३७,७९,३७१.००	०.००	३७,७९,३७१.००	१,०८,५७,६५३.३०	०.००	१,०८,५७,६५३.३०
२६०००	अनुदान		१८,८२,८१७.०८	०.००	१८,८२,८१७.०८	०.००	०.००	०.००
२७०००	सामाजिक सुरक्षा		७४,५३,३६६.३७	०.००	७४,५३,३६६.३७	८७,३०,७९३.०६	०.००	८७,३०,७९३.०६
२८०००	अन्य खर्च		२४,५४,६६३.००	०.००	२४,५४,६६३.००	११,५४,५८८.००	०.००	११,५४,५८८.००
४	पूंजीगत		१४,५०,५१,७००.११	०.००	१४,५०,५१,७००.११	१२,८५,४०,३२४.२१	०.००	१२,८५,४०,३२४.२१
३१११०	भवन तथा संरचना		१,६०,८३,२६५.९९	०.००	१,६०,८३,२६५.९९	१,८७,२२,५१४.४०	०.००	१,८७,२२,५१४.४०
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		५२,८२,३१३.४१	०.००	५२,८२,३१३.४१	५४,२०,६५२.००	०.००	५४,२०,६५२.००
३११३०	अन्य पूंजीगत खर्च		२९,११,४९०.००	०.००	२९,११,४९०.००	५,२१,८५६.९९	०.००	५,२१,८५६.९९
३११५०	सार्वजनिक निर्माण		११,८६,३८,३२५.९८	०.००	११,८६,३८,३२५.९८	१०,१४,११,४११.८२	०.००	१०,१४,११,४११.८२

३११६०	निर्मितसरचनाको सुधार खर्च		५,००,०००.००	०.००	५,००,०००.००	०.००	०.००	०.००
३११७०	पुँजीगत सुधार खर्च		१६,४४,३०४.७३	०.००	१६,४४,३०४.७३	२४,६३,८८९.००	०.००	२४,६३,८८९.००
ख)	कुल जम्मा भुक्तानी		४०,६८,३८,३८६.९३		४०,६८,३८,३८६.९३	४०,२१,२८,८५९.१५		४०,२१,२८,८५९.१५
ग)	बचत /कमी (ग = क-ख)		(८२,२२,३११.७५)		(८२,२२,३११.७५)	(१,९६,५४१.०४)		(१,९६,५४१.०४)
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)		११,३२,४०९.९२		११,३२,४०९.९२	७१,२८,४६२.१०		७१,२८,४६२.१०
घ.१)	कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी							
ङ)	यस आ.व.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		(७०,८९,९०१.८३)		(७०,८९,९०१.८३)	६९,३१,९२१.०६		६९,३१,९२१.०६

बन्दीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, तनहुँ
कार्यालयको कोड : ८०४३८५०५३००

म.ले.प.फा.नं. २७०-०१

वित्तीय प्रतिवेदन

आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१ - २०८२/०३/३२

च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		२१,४०,७३,७२२.०१		२१,४०,७३,७२२.०१	२०,७१,४१,८००.९५		२०,७१,४१,८००.९५
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन							
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)		२०,६९,८३,८१२.१८		२०,६९,८३,८१२.१८	२१,४०,७३,७२२.०१		२१,४०,७३,७२२.०१

सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानून तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछ।

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमको सम्बन्धित मार्गदर्शनमा तोकिए बमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट व्यवस्थापन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ। पर्यटकीय स्थलबाट प्राप्त हुने पर्यटन शुल्क तथा होटल व्यवसायबाट प्राप्त हुने व्यवसाय करको दायरा बढाउनुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलब सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्था समेतका आधारमा कानून बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूह बारे कानूनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष लाभ पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यवसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुनुपर्दछ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौता बमोजिमको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप गर्ने कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधि भित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम हुने गरी शिक्षकहरूको दरबन्दी समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितता बेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएको देखिएकोले सोमा नियन्त्रण हुनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भएको सुनिश्चित गर्नुपर्दछ।

- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फछ्र्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फछ्र्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानून तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फछ्र्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेस्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेस्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फछ्र्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नुपर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगत रूपमा अलग अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिताका लागि नागरिक सचेतना अभिवृद्धि कार्यक्रमका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह प्रणाली तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।
- सामाजिक सुरक्षा तर्फ सम्बन्धित लाभग्राहीहरुले समयमै भत्ता प्राप्त गरेको सुनिश्चित हुनुका साथै दोहोरो परेका तथा लगत कट्टा गर्नुपर्ने लाभग्राहीको पहिचान गरी विवरण अद्यावधिक गर्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ। कानूनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ।